महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
चिशंखुगढी गाउँपालिका
ओखलढुंगा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजुउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं.१

पत्र संख्याः २०७८।७९
च.नं. **३८५**

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
चिशंखुगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुंगा ।

कैफियतसहितको राय

हामीले चिशंखुगढी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।

२. लेखापरीक्षणबाट रू.२ करोड २८ लाख ४१ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु.१४ लाख १९ हजार फर्स्यौट भई बाँकी बेरुजु रु.२ करोड १४ लाख २२ हजार कायम भएकोमा असुल गर्नुपर्ने रू. ११ लाख ४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ४५ लाख १६ हजार र नियमित गर्नुपर्ने रू.५८ लाख २ हजार रहेको छ । गाउँपालिकाको गत वर्षको रु.५ करोड ६२ लाख ८० हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु रु.५ करोड ३४ लाख ७४ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

चिशंखुगढी गाउँपालिका, ओखलढुंगा

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु							
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
६८	५३	२२८४१	१	३	१४१९	६७	५०	२१४२२	११०४	५८०२	१४५१६	०	०	२०३१८	०

अद्यावधिक बेरुजु स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
ओखलढुंगा	५६२८०	०	२४२२८	३२०५२	०	२१४२२	५३४७४

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : चिशंखुगढी गाउँपालिका, ओखलढुंगा , चिसंखुगढी गाउँपालिका , ओखलढुङ्गा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Om Bahadur Darjee	२०७७-४-१	
लेखा प्रमुख	Nabaraj Bastola	२०७६-८-२४	
		बेरुजु रकम	२१,४२२,६३१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३,३१,९०,१६८.५	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२९,३१,१९,१०५	**चालु खर्च**	२७,०७,०७,२१९.१६
प्रदेश सरकारबाट अनुदान	१,८७,६५,०००	**पूँजीगत खर्च**	८,४९,५०,९३८.४
राजश्व बाँडफाँट	५,०८,४४,१४४.५३	**वित्तीय/अन्य व्यवस्था**	४६,४९,३६४
आन्तरिक आय	२२,४९,५४८.२७		
अन्य आय	६२,९८,०१०		
कुल आय	३७,१२,७५,८०७.८	**कुल खर्च**	३६,०३,०७,५२१.५६
बाँकी मौज्दात		४,४१,५८,४५४.७४	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>

परिचय- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न चिशंखुगढी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यस गाउँपालिका अन्तर्गत 8 वडा, गाउँ सभा सदस्य43 जना, १२६.९१ व.कि.मी. क्षेत्रफल, १९५८० जनसंख्या १ नम्वर प्रदेशमा अवस्थित छ ।

वित्तीयविवरणविश्लेषण

<table>
<tr><td colspan="9">प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td colspan="9">२०७7 श्रावण १ देखि २०७8 आषाढ ३१ सम्म</td></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यस वर्ष रु.</td><td colspan="3">गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/ सोझै भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>399350024.8</td><td>366605702.8</td><td>4670105</td><td>371275807.8</td><td>335879916.2</td><td>12067877</td><td>347947793.2</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>391795224.8</td><td>360307692.8</td><td>4670105</td><td>364977797.8</td><td>328975945.9</td><td>12067877</td><td>341043822.9</td></tr>
<tr><td></td><td></td><td>74157754.76</td><td>53093692.8</td><td>0</td><td>53093692.8</td><td>41389488.97</td><td>0</td><td>41389488.97</td></tr>
</table>

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय										बेरुजु रकम
				११००० कर	११									
				१३००० अनुदान		317637470	307214000	4670105	311884105	287055469	12067877	299123346		
				संघीय सरकार	१२	298872470	288449000	4670105	293119105	255584000	12067877	267651877		
				प्रदेश सरकार	१२	18765000	18765000	0	18765000	31471469	0	31471469		
				१४००० अन्य राजस्व		0	0	0	0	530987.95	0	530987.95		
				ख. अन्य प्राप्ति		7554800	6298010		6298010	6903970.3		6903970.3		
				वितरण गर्न बाकी राजस्व		0	0	0	0	0	0	0		
				कोषहरु		7554800	5086421	0	5086421	4755820	0	4755820		
				धरौटी		0	1211589	0	1211589	2148150.3	0	2148150.3		
				संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		0	0	0	0	0	0	0		
				भुक्तानी (ग+घ)		431853152	355637416.6	4670105	360307521.6	302460677.6	7775991.09	310236668.7		
				ग. भुक्तानी		424298352	350988052.6	4670105	355658157.6	299585669.6	7775991.09	307361660.7		

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय										बेरुजु रकम
				(सञ्चित कोषबाट)										
				२१००० पारिश्रमिक / सुविधा	१८	136823960	127025843.8	0	127025843.8	128363511	0	128363511		
				२२००० मालसामान तथा सेवाको उपयोग	१८	108596156.8	72603646.01	4570105	77173751.01	54019311	5220903	59240214		
				25000 सहायता (Subsidy)	18	32253000	29415592	0	29415592	18879256	0	18879256		
				26000 अनुदान	18	0	0	0	0	199160	0	199160		
				२७००० सामाजिक सुरक्षा	१८	6282000	4291675	0	4291675	3065817	0	3065817		
				२८००० अन्य खर्च	१८	33761820.29	32700357.29	100000	32800357.29	1239750	0	1239750		
				३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	106581414.9	84950938.44	0	84950938.44	93818864.62	2555088.09	96373952.71		
				घ. अन्य भूक्तानी		7554800	4649364		4649364	302460677.6	7775991.09	310236668.7		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			कोषहरु		7554800	3376099	0	3376099	2764008	0	2764008	
			धरौटी		0	1273265	0	1273265	111000	0	111000	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	१६	0	0	0	0	0	0	0	
			ङ. यो वर्षको बचत (न्युन)		-32503127.2	10968286.24		10968286.24	33419238.65	4291885.91	37711124.56	
			च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			33190168.5		33190168.5	3554740.92		3554740.92	
			वर्षान्तको बाकी रकम (ङ + च)		-32503127.2	44158454.74		44158454.74	36973979.58	4291885.91	41265865.49	
			बैंक तथा नगद बाकी	२४		44158454.74		44158454.74	38307251.49		38307251.49	

वित्तीय विवरण–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । कार्यालयले २३ खाता संचालन गरेकोमा स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातको एकीकृत बैंक हिसाब भिडानको विवरण तयार गर्नुपर्दछ । · लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको प्राप्ति र भुक्तानी विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । · कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वारा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको । · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नु पर्दछ ।	
२			**जिम्मेवारी फरक परेको** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.35181980.50 मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.33190168.50 जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.1991812/- घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएकोमा पेश भएको म.ले.फा.नं.272 अनुसूची १५ मा गतवर्षको प्रकोप व्यवस्थापन कोष र आकस्मिक खातामा मौज्दात अन्य छुट भएको उल्लेख गरेको छ ।	
३			**बैंक हिसाब मिलान नगरेको** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएको रु.29667406.75 बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

सि. नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
1.	चालु खर्च खाता	-	15517648.56	-
2.	पूँजीगत खर्च खाता	-	9995048.01	-
3.	स्थानीय संचित कोष	39835267	10167860.25	29667406.75
4.	प्रकोप व्यवस्थापन खाता	1505522	1505522	-
5.	लैंगिकहिंसा संरक्षण कोष खाता	200000	200000	-
6.	स्थानीय तह धरौटी खाता	2612865.30	2612865.30	-
7.	बाँडफाँडबाट प्राप्त राजस्व	-	2001683.35	-
8.	विविध खर्च खाता	-	252932.50	-
9.	आन्तरिक राजस्व खाता	-	1845289.77	-
10.	आकस्मिक कोष खाता	-	54800	-
जम्मा		**44153654.30**	**44153654.30**	**29667406.75**

४			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छनः	

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
			· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । · पालिकाले २०77।७8 को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । · स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु.15517648.56, पुजीगत खर्च खातामा रु.9995048.01 समेत गरी रु. २५५१२६९६.५७ मौज्दात रहेको पाईयो । · पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। · कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । · राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । · अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन । · स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । · स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । · दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । · गाउँपालिकाको केन्द्रमा रहेका तथा हाल गाँउपालिकाले नै प्रयोग गरिरहेका ५ वटा भवन तथा अन्य संरचनाहरु एवं २०७७।७८ मा पालिका बजेटबाटै निर्माण गरी रु. 93 लाख खर्च गरी निर्माण सामाग्री एवं २ तल्ले पक्की भवन समेत निर्माण व्यवसायीले हस्तान्तरण गरिएको भएतापनि कार्यपालिकाले आफ्नो जिन्सी अभिलेखमा सो संरचनाको आम्दानी गरेको पाइएन । सबै स्थायी सम्पत्तिहरुको नियमानुसार लगत तयार गर्नुपर्दछ । · गाँउपालिकाको जिन्सी अभिलेखमा आम्दानी जनाएको रु.1910500/- मूल्य रहेको टोयटा हाइलक्स जिप १ थान हाल वडा ३ दियालेमा वेवारीस अवस्थामा छाडिएको छ । उक्त गाडी संचालन गर्न नसकिने जानकारी दिएको छ । तर सो गाडीको सम्बन्धमा उचित निर्णय गरी टुंगो लगाउनुपर्दछ । · म.ले.प.बाट स्वीकृत ढाँचा PAMS सफ्टवेयरमा स्टोर दाखिला हुने नगरेको । आ.व. २०७७।७८ को अन्तसम्म रहेका खर्च भएर नजाने जिन्सी खातामा अद्यावधिक गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो। · कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । · सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। · स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। · ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। · स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । · स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74 (2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । · सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । · संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । · पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमासो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । · सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाईएन। · वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । · पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ **13** र प्रशासनिकतर्फ **69** समेत **82** कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमश: **29** र **24** समेत **53** पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को नियम अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । · निजामती सेवा ऐन, 2049 वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । · निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. 113784776.82 खर्च लेखेको पाईयो । · संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 2073।12।25 को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म **9** ऐन, **5**नियमावली, **23**कार्यविधि, **3** मापदण्ड र **४** निर्देशिका समेत **44** कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
५			**बजेट पेश, पारित र अख्तियारी** **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सुस्मिका राईले २०७7।3।7 गते रु. 33 करोड 97 लाख 90 हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७7।3।16 मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७7।3।21 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			**अबण्डा बजेट** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. 6 लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७4।9।17 को निर्णयबाट आकस्मिक कोष संचालन व्यवस्थापन कार्यविधि स्वीकृत गरी यो वर्ष रु.1350000/- खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने र अन्य शिर्षकको रकम समेत आकस्मिक कोषमा सारेर खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । कार्यपालिकाको निर्णयबाट खर्च गर्ने र अन्य शिर्षकको रकम समेत आकस्मिक कोषमा सारेर खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	
७			**चौमासिक पूँजीगत खर्च** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

सि.नं.	**पूँजीगत खर्च शीर्षक**	**कुल खर्च**	**चौमासिक खर्च (रु.हजारमा)**			**आषाढ महिनाको मात्र खर्च**
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसोचौमासिक	
	कूल खर्च:	**84950938.44**	**5113692**	**23434658**	**56402588.44**	
	खर्च प्रतिशत		**6.02**	**27.59**	**66.39**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्च
क्षेत्रगत बजेट र खर्च- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक बजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>36273908</td><td>22939919</td><td>63.24</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>193382877</td><td>175334838</td><td>90.67</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>90192726</td><td>76144946</td><td>84.42</td></tr>
<tr><td>सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र</td><td>7241000</td><td>5224815</td><td>72.16</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>97207839</td><td>76013628</td><td>78.23</td></tr>
<tr><td>जम्मा</td><td>424298350</td><td>355658146</td><td></td></tr>
</table>
उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छ
:
पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.2249548.27राजस्व बाँडफाँड र अनुदानबाट रु.36273२८249.53 समेत रु.364977797.80 आम्दानी भएकोमा चालु तर्फ रु.२७५३५६५८३/-र पूँजिगत तर्फ रु. 84950938/-र गत वर्षको बाँकी फिर्ता समेत रु.३६०३०७५२१/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 0.07 प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सबिधामा रु.5454000/- खर्च भएको छ जुन आन्तरिक आयको 242.44 प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 74.63 प्रतिशत चालु र 25.36 प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>
कर्मचारी करार
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा करार सेवामा राखी रु.2295350/- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको हेल्थ एसिस्टेन्ट, अनमी, ना.प्रा.स. ल्याव टेक्निसियन समेत विभिन्न पदमा 20 जना करार नियुक्ति गरी बर्षभरीमा भुक्तानी गरेको अनियमित देखएको रु.
</td><td>२,२९५,३५०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०			**कल्याण कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन ।	
११			**कर्मचारी प्रोत्साहन भत्ता** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले यो बर्ष कर्मचारी प्रोत्साहन कार्यविधि,२०७८ तयार गरि 2078/2/21 मा राजपत्रमा प्रकाशित गरेको देखियो । कार्यविधि लागु हुनुपुर्व गाँउ कार्यपालिका कार्यालयले अतिरिक्त समयमा खटाएका कर्मचारीहरुको लागि खाजा खर्च र म.स्वा.स्व.से.लाई प्रोत्साहन भत्ता वापतको रकम उपलब्ध गराउन वाधा नपर्ने व्यवस्था गरी यो वर्ष कर्मचारी खाजा खर्च तथा म.स्वा.स्व.से.लाई प्रति व्यक्ति वार्षिक रु.9000/- यातायात भत्तामा थप गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु रु.	८९०,५३०
१२			**न्यायीक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी 1 र यो बर्ष थप भएको 23 गरी कुल 24 विवाद दर्ता भएकोमा 21 वटा मात्र फर्स्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१३			**आन्तरिक लेखापरीक्षण** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७7।78 को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४</td><td></td><td></td><td>
अनुगमन भत्ता
पदाधिकारी सुविधा
:
गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ (क) मा गाउँपालिका अध्यक्षले रु.1०000/-, उपाध्यक्षले रु.1०000/-, वडाध्यक्षले रु.4०00/- र कार्यपालिका सदस्यले रु.2000/- मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ ।अनुगमन भत्ता भुक्तानी लिंदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नमूना छनौट गरी परीक्षण गर्दा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोकेबमोजिमको
मासिक अनुगमन प्रतिवेदन पेश नगरेको भएतापनि अनुगमन वापत एकमुष्ठ भत्ता बुझिलिएकोमा मासिक प्रतिवेदन पेश नभएको रु.
<table>
<tr><th>पद</th><th>संख्या</th><th>मासिक अनुगमन भत्ता दर</th><th>वार्षिक अनुगमन भत्ता</th></tr>
<tr><td>वडाध्यक्ष</td><td>७</td><td>4०00</td><td>३३६000</td></tr>
<tr><td>कार्यपालिका सदस्य</td><td>६</td><td>2000</td><td>1४४000</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४८००००</td></tr>
</table>
(उक्त बेरुजु कार्यालयको मिति २०७९-३-१ को निर्णयानुसार प्रतिक्रियाबाट वडा नं १ २ र ७ को वडाअध्यक्षको अनुगमन प्रतिवेदन पेश भएको आधारमा रु १४४००० फस्यौंट गरिएको)
</td><td>३३६,०००</td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
थप अनुगमन भत्ता
उल्लेखित मासिक सुविधाबाहेक पालिकाको तपसिलले भौचर नं. र मितिबाट पदाधिकारीहरुले विभिन्न स्थानमा योजना अनुगमनबापत थप अनुगमन भत्ता दिएकोमा मासिक अनुगमन भत्ताबाट सम्पन्न गरेको काम र सो बाहेकको अवधिको अनुगमनको अवस्था खुलाई अनुगमन प्रतिवेदन पेश नगरेकोले भुक्तानी रकम एकिन गर्न नसकिएकोले अनुगमन अवधि खुल्ने प्रमाण पेश हुनुपर्ने रु...
<table>
<tr><th>भौ.नं.मिति</th><th>पदाधिकारीको पद र नाम</th><th>भुक्तानी दिन नमिल्ने सुबिधा वा खर्चको बिबरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>६७-०७७।७।२४</td><td>६ नं वडा अध्यक्ष श्री कृष्ण बहादुर क्याप्छाकी मगर</td><td rowspan="2">मासिक सुविधा बाहेकको थप अनुगमन भत्ता</td><td>१७०००</td></tr>
<tr><td></td><td></td><td></td></tr>
</table>
</td><td>२२५,५००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				१५४-०७७।१०१८	का.पा. सदस्य श्री दुर्योधन राई		१७०००		
				१५५-०७७।१०।१८	१ नं वडा अध्यक्ष श्री उषक कटुवाल		१७०००		
				२५३-०७८।१।१७	उपाध्यक्ष श्री सुस्मिका राई		४००००		
				२५८-०७८।१।२०	६ नं वडा अध्यक्ष श्री कृष्ण बहादुर क्याप्छाकी मगर		१६०००		
				३५०-०७८।३।२४	६ नं वडा अध्यक्ष श्री कृष्ण बहादुर क्याप्छाकी मगर		२८०००		
				३८५-०७८।३।२४	उपाध्यक्ष श्री सुस्मिका राई		१००००		
					१ नं वडा अध्यक्ष श्री उषक कटुवाल		८५००		
					३ नं वडा अध्यक्ष श्री गंगा श्रेष्ठ		४०००		
					७ नं वडा अध्यक्ष श्री हिमाल राई		६८०००		
				जम्मा			**२२५५००**		
१६			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको – देखिंदैन । यस स्थानीय तहले दैवि प्रकोप र स्वास्थ्य उपचार प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.1705850/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।						

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७</td><td></td><td></td><td>

अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७8 असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा २०७८।५।२८ मा सम्बन्धित निकायमा फिर्ता गरेको छ

<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td rowspan="2">संघीय सरकार</td><td>शसर्त</td><td>212280105</td><td>175740766</td><td>36539338</td></tr>
<tr><td>समपुरक</td><td>2539000</td><td>2539000</td><td>0</td></tr>
<tr><td rowspan="2">प्रदेश सरकार</td><td>शसर्त</td><td>1765000</td><td>1550711</td><td>214289</td></tr>
<tr><td>समपुरक</td><td>10000000</td><td>10000000</td><td>0</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>226584105</td><td>189830477</td><td>36753627</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>

पूँजीगतबाट चालु खर्चः

वडा नं. १ को पूँजीगत बजेट रु. 3450000/- बाट लक्षित वर्ग कार्यक्रममा रु. 100000/- बाट विद्यार्थीको लागि पुस्तक खरिद गरेको मध्ये रु. 7925/- मूल्यका पुस्तक शिक्षा सेवा आयोग परीक्षासँग सम्बन्धित पुस्तक खरिदमा खर्च गरेको छ ।

</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>

कर दस्तुर एवं आन्तरिक आय

कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति खुलेको विवरण पेश नभएकोले शिर्षकगत आय यकिन गर्न सकिएन ।

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९.१			स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा पारित आर्थिक ऐनमा भएको व्यवस्था अनुसार तोकिएका क्षेत्रबाट राजस्व संकलन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको आर्थिक ऐन २०७७ को अनुसूची-1 देखि क्रमश ८ सम्म सम्पत्तिकर, घरबहाल कर, व्यवसाय कर, जडीबुटी, काठ दाउरा, बाँस तथा अन्य वस्तु निकासी कर, विज्ञापन कर, वहाल विटौरी शुल्क गीटी ढुंगा वालुवा समेतका दर कायम गरेको पाइयो । लेखापरीक्षणमा यो वर्षको आन्तरिक आय तर्फ पालिकाले प्राप्त गरेको शिर्षकगत असुली र दाखिलाको विवरण तयार गरी पेश नभएकोले ऐनले तोके अनुसारका शिर्षकहरुमा राजस्व असुली भएको मान्ने आधार देखिएन । राजस्व परामर्श समितिले गा.पा. भित्रको स्रोत पहिचान गरी ऐनद्वारा कर संकलन गर्ने व्यवस्था गरेकोमा सो अनुसार असुल नगरेको अवस्था देखियो ।	
१९.२			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ बमोजिम स्थानीयले म.ले.प.बाट स्वीकृत ढाँचामा श्रेस्ता राखी कारोवार संचालन गर्नुपर्ने व्यवस्था छ । आन्तरिक आय असुल गर्ने प्रयोजनको लागि कार्यालयले नगदी रसिद प्रयोग गरी म.ले.प.फा.नं. २०५, २०६ अनुसार राजस्वको आम्दानी र दाखिला हिसाव तयार गर्नुपर्नेमा रसिद नियन्त्रण खाता, दैनिक आम्दानी अभिलेख खडा गरेको पाइएन । वडा कार्यालयहरुले राजस्व प्राप्त गर्न आफै रसिद छपाई गरी प्रयोग गर्ने गरेको जानकारी दिएको छ । वडामा प्रयोग गरिएका रसिदको अभिलेख राखेको पाइएन । रसिद छपाई वितरण र प्रयोगको अवस्था र नियन्त्रण खाता पेश नभएकोले राजस्वको प्राप्ति, असुली र दाखिला यकिन गर्न सकिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९.३			कार्यालयले लेखापरीक्षणमा पेश गरेको विवरण अनुसार यो वर्ष वडाहरुले पालिकाले पारित गरेको आर्थिक ऐन अनुसार दर र शिर्षकबाट राजस्व असुली र संकलन नदेखाएको, दैनिक तथा मासिक राजस्व असुली र दाखिलाको विवरण पेश नभएको, शिर्षकगत असुली नदेखाएको, वडा नं. 4 ले २०७७।७८ को पुरै अवधि राजस्व असुली र दाखिला विवरण पेश नगरेको, अन्य वडाहरुले समेत आफ्नो जिम्मामा आएको राजस्व बैंक खातामा सोही दिन वा भोलिपल्ट दाखिला नगरी आफुखुसी बैंक दाखिला गर्ने गरेको समेत देखिएका छ । नमूना छनौट गरी परीक्षण गरिएकोमा निम्नानुसार देखियो ।	

वडा नं.	बैंक दाखिला विवरण	रकम	कैफियत
3	2078/3/30	107655.45	मालपोत, घटना दर्ता, व्यवसाय कर र अन्य
2	2077/4/11-2077/11/4	84664	बालुवा ढुवानी, मालपोत, अन्य
	2078/2/31	20120.50	बालुवा ढुवानी, मालपोत, अन्य
	2078/3/30	11550	बालुवा ढुवानी, मालपोत, अन्य
7	2077/78 भरिको २०७८।३।२४	10690	
8	2077/78 को २०७८।३।२४	60398	मालपोत, अन्य सेवा बापत
1	2077/78 को २०७८।३।२९	68500	विभिन्न आन्तरिक राजस्व वापत
6	2077/78 को २०७८।३।२९	150850	बालुवा निकासी तथा विभिन्न सेवा सिफारिस
5	2077/78	21863.70	

उपरोक्तानुसारको अवस्थाले कार्यालयले आ.व. २०७७।७८ मा असुल गर्नुपर्ने र गरेको राजस्व असुली दाखिलाको सम्बन्धमा पुनः कार्यालयबाट छानविन र एकिन गर्नुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९.४			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) बमोजिम आफ्नो जिम्मामा आएको नगदी राजश्व सोही दिन वा भोलिपल्ट दाखिला गर्नुपर्ने व्यवस्था छ ।कार्यालय र बैंकको दूरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले म्याद तोकिदिएकोमा सोही म्यादभित्र दाखिला गर्नुपर्ने र तोकिएको म्यादभन्दा ढिला गरी दाखिला गरेमा १० प्रतिशतका दरले जरिवाना सहित दाखिला गर्न लगाई विभागीय कार्वाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । तर स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपय ले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ।	
२०			**दहत्तर बहत्तर शुल्क** प्रदेश नं. 1 को प्रदेश आर्थिक ऐन, २०७७ मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलन अनुसुची तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ । लेखापरीक्षणको क्रममा प्राप्त जानकारी अनुसार पालिकाले उक्त ऐनमा तोकीए बमोजिमको दहत्तर बहत्तर शुल्क असूल गरेको छैन । पालिकाले आफ्नो क्षेत्रभित्र नदीबाट प्राप्त हुने प्राकृतिक श्रोतको आकलन र आई.ई.ई. नगराएको अवस्थाले सो सम्बन्धी आम्दानी भएको देखिएन । तर २०७७।३।१७ मा पारित आर्थिक ऐन, २०७७ को अनुसूची ५ मा विज्ञापन कर, बहाल विरौटी शुल्क समेत लिने गरी दर पारित गरेको तथा अनुसूची 8 मा बालुवा गीट्टी रोडा विक्रिको प्रति घ.मि. दर समेत स्वीकृत गरेकोमा सो अनुसार ठेक्कापट्टा गर्ने र असुल गर्ने गरेको पाइएन । तसर्थ ऐनको व्यवस्थाको पालना गरी राजस्व असुली गर्नुपर्दछ ।	
२१			**भुक्तानीमा कर** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.16196/- अग्रिम कर कट्टी गरेको छ्रैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.	१६,१९६

गो.भौ.नं./ मिति	विवरण	भुक्तानी रकम	करको दर	कर रकम
34-077/12/13	अग्नी ईन्कर्पोरेट प्रा.लि. बाट एम्बुलेन्स खरिद	1079755	1.5	16196

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२२</td><td></td><td></td><td>
रितपूर्बकको कर बिजक
मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका बिक्रेताबाट मु.अ.कर रु.53728/- समेत रु.467022/- सामान तथा सेवा खरिद गरेको छ । तसर्थ उक्त बिक्रेताले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>कर विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>मु.अ.कर कर रकम</th></tr>
<tr><td>२७-०७८।३।२२ (कृषितर्फ)</td><td>कार्की एग्रोभेट कन्सर्न</td><td>३०२९१०९९९</td><td>ननफाईलर र केरमेट(बिजक नं.५० र ५५)</td><td>350858.2</td><td>40364</td></tr>
<tr><td>३००-07८।३।११ (चालुतर्फ)</td><td>छवीश्री सप्लायर्स</td><td></td><td rowspan="3">फोटोकपी बिजकबाट भुक्तानी</td><td>५४०१४</td><td>६२१४</td></tr>
<tr><td>३७२-०७८।३।२४ (चालुतर्फ)</td><td>ड्रिमवर्कस डेभलपर कन्सल्टेन्ट</td><td>६०९६०२६०७</td><td>६२१५०</td><td>७१५०</td></tr>
<tr><td>3/2078/3/10</td><td>जगदम्बा-काली जेभी</td><td></td><td>5091462</td><td>557045</td></tr>
<tr><td>४४/077/9/24</td><td>शुभ एण्ड ध्रुव कन्ट्रक्सन</td><td></td><td>कर विजक हातले नम्बर कायम</td><td>1754361</td><td>201829</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>812602</td></tr>
</table>
(उक्त बेरुजु कार्यालयको च न. ३४८ मिति २०७९-३-१ को निर्णयानुसार प्रतिक्रियाबाट छवीश्री सप्लायर्स , ड्रिमवर्कस डेभलपर कन्सल्टेन्ट र जगदम्बा-काली जेभी फस्र्यौट गरिएको)
</td><td>२४२,१९३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>
नन्फाइलर

नन्फाइलर– मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.77459/- समेत रु.620696/- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
<tr><td>४९-०७७।७।३ (चालुतर्फ)</td><td rowspan="2">कुन्तादेवी सपलायर्स</td><td rowspan="2">६०६६४५४८७</td><td>४०४६४०</td><td>५२६०३</td><td rowspan="3">आ.व. 076.77 देखि</td></tr>
<tr><td>३४७-०७८।३।२३ (चालुतर्फ)</td><td>२१६०५६</td><td>२४८५६</td></tr>
<tr><td>121-078।3।20 प्र.म.कृषि आधुनिकीकरण</td><td>कार्की एग्रोभेट कन्सर्न- पञ्चकन्या कृषक समूहले मकैको विउ खरिद गरेको</td><td>३०२९१०९९९</td><td>256750</td><td>33377</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>110836</td><td></td></tr>
</table>
कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.
</td><td>११०,८३६</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२४			**हेभी इक्विपमेण्टको प्रयोग** **हेभी इक्विपमेण्टको प्रयोग** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । तर पालिकाले विभिन्न सडकको स्तरोन्नति र निर्माण सम्बन्धि कार्य उपभोक्ता समितिबाट गराउने गरि मेशिनको दरबाट सम्झौता गरि कामको भुक्तानी गरेकोमा नियमको व्यवस्था अनुसार प्राविधिकको सिफारिश लिई काम गर्ने गरेको पाईएन । नियमको व्यवस्थाको पालना हुनुपर्दछ ।	
२५			**सम्झौता अनुसार कार्य नभएको** **सम्झौता अनुसार कार्य नभएको** - उपभोक्ता समितिसाग निर्माण कार्यको सम्झोता गर्दा एक आर्थिक वर्ष भित्र समपन्न हुने गरी गर्नुपर्दछ । तर पालिका र उपभोक्ता समिति बीच रु.1632411/- को कार्य गर्ने गरी सम्झौता भएकोमा यस वर्ष कार्य संचालन गरेको पाइएन । सालबसालि रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित भएको छ । तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने देखिन्छ ।	
२६			**डीपीआर खर्च** **डीपीआर खर्च** – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।	

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
चिशंखुगढि आधारभूत अस्पताल	ट्रायाङ्गल कन्सल्टेन्ट एण्ड ईञ्जिनियरिङ	1900000	1895010	141462709
ग्रामीण विद्युतीकरण चिसापानी	एन.आर.वि. इन्जिनियरिङ सोलुसन	700000	697755	10000000

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

खण्ड				
गाउँ शिक्षा सम्बन्धी	हिमालयन मल्टिप्रपोज	800000	795746	90950000
ग्रामीण विद्युतीकरण गहते	ए.आ.वि. इन्जिनियरिङ सोलुसन	500000	496635	7493998
जम्मा:		**3900000**	**3885146**	**249906707**

यस्तो
अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरुमध्ये कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरुमध्ये कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**शिक्षक दरवन्दी र पदपूर्ति** **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका 41 सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । (तालिका तल) दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।	
२८	१३२	२०७८-३-२२	भौ.नं.132-2078/3/22,शर्शत अनुदान तर्फको रकम प्राप्त गरी खर्च गर्दा तोकिएको आधार र स्वीकृत नर्म्स अनुसार गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई प्राप्त शर्शत तर्फको मा.वि. शून्य दरबन्दी अनुदान तर्फको रु. 1000000/- बाट निम्नानुसार विद्यालयलाई २०७८।३।२० मा रकम निकासा गरेकोले तोकिए बमोजिम शिक्षक नियुक्ति गरी खर्च भएको विवरण प्राप्त नभएकोले सो रकमबाट शिक्षक नियुक्ति गरी पठनपाठन गराएको प्रमाण पेश हुनुपर्दछ रु. (तालिका तल)	१,०८०,०००

सि.नं.	**विद्यालयको नाम**	**शिक्षक दरबन्दी**	**पदपूर्ति**	**पदपूर्ति मध्ये करार**	**विद्यार्थी संख्या**
१	विभिन्न ४१ विद्यालय	२१०	२०४	९४	

विद्यालयको नाम	**रकम**
जालपा मा.वि. दिपाले	432000
महेश्वर मा.वि. भदौरे	648000
जम्मा	**1080000**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९			**खर्चको पुष्ट्याईः** **खर्चको पुष्ट्याईः 133-2078/3/22,** शिक्षा शर्शत तर्फको रकमबाट निकासा दिई खर्च गराउदा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७ को आधारमा तोकिए बमोजिम कार्य गराई खर्च गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकार शिक्षा विज्ञान प्रविधि मन्त्रालयले २०७८।३।२० मा राष्ट्रपति शैंक्षिक सुधार कार्यक्रम तर्फको रकम भौतिक पूर्वाधारको समेत तत्काल निकासा दिई सम्पन्न हुन बाँकी काम गर्ने गराउने व्यवस्था गरी निकासा दिन परिपत्र गरेको आधारमा देहायका विद्यालयहरुलाई रकम निकासा गरी बैंक खाता रोक्का गरेकोमा उक्त रकमबाट स्वीकृत निर्देशिका, तथा लागत अनुमान स्वीकृत, खरिद र संचालन गरेको प्रमाण लिनुपर्दछ । निकासा रकमबाट खरिद सम्झौता बमोजिम तोकिएको कार्य नभएको पाइएमा रकम फिर्ता लिई संघीय संचितकोष दाखिला हुनुपर्ने रु.	७,५००,०००

विद्यालयको नाम	**निकासा रकम**
श्री कूइभिर मा.वि. कूइभिरटार	650000
श्री हरीकालिका आ.वि. केरुङ	650000
श्री सिंहदेवी आ.वि. नवलपुर	1800000
श्री छात्रप्रगति मा.वि. भदौरे	650000
श्री महेश्वर मा.वि. भदौरे	1300000
श्री माम्खा मा.वि. माम्खा	650000
श्री पारिजात आ.वि. जुकेपानी	1800000
जम्मा	**7500000**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**वर्षान्तमा खरिद गरी मौज्दातः** **स्यानिटरी प्याडः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(३) मा उत्पादकबाट सोझै खरिद गर्दा पूरा गर्नुपर्ने शर्तहरु तोकिएको छ । उत्पादकले स्थानीय डिलरलाई दिए सरहको छुट खरिद गर्ने सार्वजनिक निकायलाई दिएको हुनुपर्ने व्यवस्था छ । यस समबन्धमा देखिएको व्यहोरा निम्न अनुसार रहेको छः : **वर्षान्तमा खरिद गरी मौज्दातः** विद्यालयमा अध्ययनरत तोकिएका उमेर समुहका छात्राहरुलाई वितरण गरिने निशुल्क सेनीटरी प्याड (६-12) कक्षाको लागि १२ विद्यालयका ७५० छात्राहरुको लागि लागत अनुमान स्वीकृत गरी नेपालको उत्पादकसँग सौझै प्रकाशित दररेटबाट खरिद गर्ने सार्वजनिक खरिद ऐनको दफा ४१ नियमावली २०६४ को नियम ८५(११) को आधार देखाई सूचिकृत भएका मध्येबाट न्यूनतम कवुल गर्ने व्यवसायीसँग खरिद गर्ने २०७८।३।९ मा निर्णय गरी ८८८६ प्याकेट स्यानिटरी प्याड रु.710995.55 सप्लाई गरी भुक्तानी गरेको पाइयो । तर विक्रि विजकमा छुट दिएको पाइएन । साथै खरिद गरिएका प्याडहरु २०७८।५।३० सम्म सम्बन्धित विद्यालयहरुमा नपठाई स्टोर मौज्दात राखेको छ । जुन प्रयोजनको लागि खरिद गरिएको हो सोही प्रयोजनको लागि विद्यालयमा पठाएको प्रमाण पेश हुनुपर्ने रु. (उक्त बेरुजु कार्यालयको मिति २०७९-३-१ को निर्णयानुसार प्रतिक्रियाबाट ८८८६ मध्ये ७२३६ प्याकेट प्याडको हफा पेश भई रु ५७८९७४ फर्स्यौट गरिएको)	१३२,०२१
३१			**दिवा खाजा** **दिवा खाजाः** भौ.नं.५२-२०७७।१२।१ र ७४-२०७७।१२।३० वित्तीय हस्तान्तरण मार्फत शर्शत अनुदानमा पाएको रकम खर्च गर्दा तोकिएको आधार र स्वीकृत नर्म्सको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष दिवा खाजा कार्यक्रम संचालन गर्न विद्यालयहरुलाई हाजिरी दिन ८८ को हुने प्रति विद्यार्थी रु.15/- का दरले बाल विकास तर्फका ३८० र प्राथमिक तह (१-5) तर्फ १२९९ जनाको लागि रु.२२१९०००।– निकासा गरेकोमा लेखापरीक्षणमा विद्यालयहरुले विद्यार्थीका अविभावकलाई रकम बुझाएको विवरण पेश भएतापनि देहायका विद्यालयहरुले लेखापरीक्षण अवधिसम्म उक्त रकमबाट भएको खर्च विवरण वा विद्यार्थीलाई रकम बुझाएको प्रमाण पेश नभएको साथै २०७८।१।१३ देखि कोभिड-19 को कारणले विद्यालयहरु बन्द रहेकोले निकासा भएको रकमबाट तोकिएको कार्यमा खर्च भए नभएको एकिन गरी प्रमाण पेश हुनुपर्ने तथा खर्च नभएमा रकम फिर्ता लिई संघीय संचित कोष दाखिला हुनुपर्दछ रु.	२,२१८,९८०

विद्यालयको नाम	निकासा रकम	खर्च	बाँकी	कैफियत
श्री कुईभिर मावि, कुईभिरटार	७१२८०		७१२८०	हाजिरी विवरणमात्र पेश

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				श्री भोटेछाप आवि, भोटेछाप	२६४००		२६४००	हाजिरी विवरणमात्र पेश		
				श्रीगहते आवि, गहते	३३०००		३३०००	हाजिरी विवरणमात्र पेश		
				श्री हरिकालिका आवि, कोलडाँडा	७९२००		७९२००	हाजिरी विवरणमात्र पेश		
				श्री विरार्जुन आवि माझिटार	३५६४०		३५६४०			
				श्री सरस्वती मावि खानिभञ्ज्याङ	६८६४०		६८६४०	हाजिरी विवरणमात्र पेश		
				श्री कालिका आवि पोखरे	६६०००		६६०००			
				श्री उदय आवि तिनधारे	४०९२०		४०९२०	हाजिरी विवरणमात्र पेश		
				श्री विजय आवि खाल्टा	१५८४०		१५८४०			
				श्री जाल्पा मावि दियाले	८८४४०		८८४४०			
				श्री जाल्पा आवि अँधेरी	४३५६०		४३५६०	हाजिरी विवरणमात्र पेश		
				श्री रक्तमाला आवि आँपश्वरा	२९०४०		२९०४०	हाजिरी विवरणमात्र पेश		
				श्री सिद्धस्थान आवि ढुंगानागाँउ	५०१६०		५०१६०	हाजिरी विवरणमात्र पेश		
				श्री कालिका आवि चाँपाबोट	१८४८०		१८४८०	हाजिरी विवरणमात्र पेश		
				श्री लक्ष्मी आवि हात्तीखर्क	११८८०		११८८०			
				श्री जाल्पा मावि रातमाटी	३८२८०		३८२८०	हाजिरी विवरणमात्र पेश		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				श्री सिंहदेवी आवि नवलपुर	६९९६०		६९९६०	हाजिरी विवरणमात्र पेश		
				श्री कालिका आवि लेखर्क	५०१६०		५०१६०	हाजिरी विवरणमात्र पेश		
				श्री छहरे आवि कोईरालागाँउ	१९८००		१९८००	हाजिरी विवरणमात्र पेश		
				श्री चेतन आवि रातमाटे	६३३६०		६३३६०	हाजिरी विवरणमात्र पेश		
				श्री इन्द्रमाला आवि चाकलगाँउ	५०१६०		५०१६०	हाजिरी विवरणमात्र पेश		
				श्री बुद्ध आवि खस्रे	४३५६०		४३५६०	हाजिरी विवरणमात्र पेश		
				श्री सेर्ना आवि सेर्ना	६६०००		६६०००	हाजिरी विवरणमात्र पेश		
				श्री जानुका आवि छहरे	२७७२०		२७७२०	हाजिरी विवरणमात्र पेश		
				श्री सिद्धदेवी आवि चिसापानी	३६९४०		३६९४०	हाजिरी विवरणमात्र पेश		
				श्री कुष्माण्डा आवि पाख्रे	४८८४०		४८८४०	हाजिरी विवरणमात्र पेश		
				श्री छात्रप्रगति आवि भदौरे	१६२३६०		१६२३६०	हाजिरी विवरणमात्र पेश		
				श्री महेश्वर आवि भदौरे	१०८२४०		१०८२४०	हाजिरी विवरणमात्र पेश		
				श्री बालकन्या आवि भदौरे	१४५२०		१४५२०	हाजिरी विवरणमात्र पेश		
				श्री कालिका आवि भोजे	२२४४०		२२४४०	हाजिरी विवरणमात्र पेश		
				श्री पञ्चकन्या आवि भदौरे	७७८८०		७७८८०	हाजिरी विवरणमात्र पेश		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				श्री तेजमाया आवि भदौरे	६०७२०		६०७२०	हाजिरी विवरणमात्र पेश		
				श्री नवप्रतिभा आवि कामीगाँउ	२९०४०		२९०४०			
				श्री सिद्धदेवी आवि रानाटोल	४२२४०		४२२४०			
				श्री बसेरी आवि बसेरी	१९८००		१९८००	हाजिरी विवरणमात्र पेश		
				श्री कालिका आवि सोलाघर	५६७६०		५६७६०			
				श्री बौद्ध आवि ठुल्ढुँगा	५४१२०		५४१२०			
				श्री माम्खा मावि माम्खा	९६३६०		९६३६०	हाजिरी विवरणमात्र पेश		
				श्री कुडुले आवि कुडुले	५६७६०		५६७६०	हाजिरी विवरणमात्र पेश		
				श्री पारिजात आवि जुकेपानि	२०४६००		२०४६००			
				श्री भुमेस्थान आवि भलायटार	१७१६०		१७१६०	हाजिरी विवरणमात्र पेश		
				श्री भृकुटी बालबिकास केन्द्र ढुंगानागाँउ	२७२०		२७२०			
				जम्मा	**२२१८९८०**		**२२१८९८०**			
			उल्लेखित विद्यालयमध्ये हरिकालिका आवि कोलडाँडा, उदय आवि तिनधारे, सिद्दस्थान आवि ढुंगानागाँउ, कालिका आवि चाँपाबोट, जाल्पा मावि रातमाटे, सिंहदेवी आवि नवलपुर, कालिका आवि लेखर्क, बुद्ध आवि खस्रे, सेर्ना आवि सेर्ना, जानुका आवि छहरे, पञ्चकन्या आवि भदौरेलाई विद्यालयमा हाजिर रहेको विद्यार्थी संख्याभन्दा बढी संख्याको दिवा खाजा रकम निकासा दिएको सम्बन्धमा पालिकाले पुनः एकिन गरी बढी निकासा रकम भएमा संघिय संचितकोष फिर्ता दाखिला गर्नुपर्दछ ।							

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>

बढी तलब भुक्तानी

बढी तलब भुक्तानीः विद्यालयमा कार्यरत शिक्षकको तलब भत्ता निकासा गर्दा शिक्षक दरवन्दी अभिलेख अध्यावधिक गरी सोही अनुसार दरबन्दी शिक्षक, अनुदानकोटा (राहत) शिक्षक र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुको लागि विद्यालयवाट प्राप्त माग फारम रुजु गरी एकिन गरेरमात्र रकम निकासा दिनुपर्दछ । लेखापरीक्षणमा पेश भएको विवरणको आधारमा नमुना छनोट गरी परिक्षण गर्दा तपसिलको विद्यालयका शिक्षकलाई पाउने रकम भन्दा बढी भुक्तानी दिएको पाईएकोले भुक्तानी दिने आधार पेश हुनुपर्ने अन्यथा संघीय संचित कोष फिर्ता गर्नुपर्ने देखिएको रु...

<table>
<tr><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>बढी भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>बसेरी आ.वि</td><td>डम्बर कुमार पोखरेल</td><td>९११२</td><td>निज शिक्षक २०७८।३।२१ गते अनिवार्य अवकास भई गएकोमा तेश्रो चौमासिकको बढी भुक्तानी गएको</td></tr>
<tr><td>पञ्चकन्या आ.वि</td><td>राजन फुयल</td><td>५३५७</td><td>निज शिक्षक २०७७।११।६ गते सरुवा भई गएकोमा दोश्रो चौमासिकको बढी भुक्तानी गएको</td></tr>
<tr><td>सिद्ध आ.वि, चिसापानी</td><td>सुवर्ण प्रसाद भट्टराई</td><td>१३५५२</td><td>निज शिक्षक २०७७।८।२१ गते राजिनामा भई गएकोमा दोश्रो चौमासिकको बढी भुक्तानी गएको</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२८०२१</td><td></td></tr>
</table>

</td><td>२८,०२१</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३			**पाठ्यपुस्तक छुट निकासा** शिक्षा शशर्त अनुदानतर्फको रकम खर्च गर्दा नेपाल सरकारबाट सम्बन्धित आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को कृयाकलाप नं २.४.६.१ अनुसार गत वर्षको ई.मि.सको आधारमा दोश्रो चौमासिक भित्र ७५ प्रतिशत रकम निकासा दिनुपर्ने र नयाँ ई.मि.स प्राप्त भएपछि विद्यार्थी संख्या यकिन गरी विद्यालयले पुस्तक खरिद गरेको विल भरपाईको आधारबाट तथ्याङ्क भिडान गरी थप पाठ्यपुस्तकको रकम निकासा दिनुपर्ने व्यवस्था भएकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ३९५ मिति २०७८।३।२५ को परिपत्रानुसार कोविड-१९ को कारण शैक्षिक सत्र २०७८ को ई.मि.स. तयार नभएकोले पुरै रकम निकासा पठाउन निर्देशन भएको छ । पालिकाले विद्यालयलाई ७५प्रतिशत रकम निकासा दिएकोमा पुनःभौ.नं.195-2078/3/24, बाट थप पाठ्यपुस्तक बापत रु.430691/-समेत निकासा पठाएको छ । विद्यार्थी भर्ना संख्याको आधारमा मात्र निकासा दिनुपर्ने उक्त थप रकम शैक्षिक सत्र २०७८ को अद्यावधिक ई.मि.स बेगर निकासा गरेकोले नयाँ ई.मि.स.बाट विद्यार्थी संख्या भिडान गरि खर्च रकम एकिन गर्नुपर्दछ । भिडानबाट बढि रकम निकासा देखिएमा संघीय सञ्चित कोष फिर्ता दाखिला गर्नुपर्ने रु...	४३०,६९१
३४			**मू.अ. कर विजक** **मू.अ. कर विजकः** भौ.नं. 196/2078/3/24, मू.अ. कर ऐन २०५२ मा करमा दर्ता भएको विक्रेताले विक्रि गर्दा क्रेतालाई कर विजक जारी गरेर मात्र कारोवार गर्नुपर्ने व्यवस्था छ । कोभिड १९ को कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणको लागि शैक्षिक सामाग्री स्थानीय तहबाट थप सिकाई सामाग्री छपाई गरी वितरण गर्ने कार्य गराई सन्दर्भ सामाग्री पुस्तिका कक्षा 1, 2, 3 को लागि १००० थान रु. 300/- का दरले कुन्तादेवी सप्लायर्सबाट २०७७।३।१७ मा छपाई गरी रु.300000/- भुक्तानी गरेकोमा उक्त फर्म मू.अ.कर मा दर्ता भई कारोवार गर्ने भएकोमा मू.अ.कर विजकमा कर थप नगरी भुक्तानी गरेको छ । वेरुजु मस्यौदा छलफलमा पुस्तक छपाईमा मू.अ.कर नलाग्ने भएकोले थप नगरेको भन्ने भनाई रहेको भएतापनि मू.अ.कर विजकमा कर छुट भएको उल्लेख गरी जारी गरेको विजक लिई कारोवार गर्नुपर्दछ ।	
३५			**छात्रवृत्ति** **छात्रवृत्तिः**-भौ.नं.१३२-207८/3/२२, विद्यालयका विद्यार्थीहरुको लागि तोकिएको अपाङ, दलित तथा छात्रा छात्रवृति बापतको रकम रु.91400/- विद्यालय खातामा निकासा गरेको मा कोविड-१९ को कारण विद्यालयहरु बन्द रहेकोले उक्त रकम विद्यालयले तोकिएको आधारमा छात्रवृत्ति पाउने विद्यार्थीलाई बुझाएको प्रमाण र अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु. (उक्त बेरुजु कार्यालयको मिति २०७९-३-१ को निर्णयानुसार प्रतिक्रियाबाट फर्स्यौट गरिएको)	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**औषधी खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहले उक्त प्रक्रिया वेगर रु.1797894/ - का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः	
३६.१			आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	
३६.२			आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
३६.३			औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्र हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको	
३६.४			औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
३७	१८९	२०७८-३-२४	स्वास्थ्य संयोजक थिर प्रसाद भट्टराईको नामको पेश्की फर्स्यौट गरी शुभकामना छापाखानाबाट OPDटिकट छपाईको रु. 70000/- खर्च दावी गरेकोमा उक्त OPDटिकट सम्बन्धित स्वास्थ्य संस्थामा बुझाएको प्रमाण नरहेको रु	७०,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td>२०२</td><td>२०७८-३-२४</td><td>भदौरे र रातामाटे हे.पो.मा प्रकाश राईबाट फर्निचर खरिद गरेको भरपाईको आधारमा रु. 40000/- थीर प्र. भट्टराईको नाममा पेश्की फस्र्यौट गरेकोमा फर्निचर दाखिला प्रमाण पेश हुनुपर्ने रु.</td><td>४०,०००</td></tr>
<tr><td>३९</td><td>१८१</td><td>२०७८-३-२४</td><td>विपन्न नागरिक औषधि उपचार सिफारिस समिति बठैक भत्ता वापत निम्नानुसारका व्यक्तिलाई रु.45000/- भुक्तानी गरेकोमा यस्तो कार्यमा बैठक भत्ता पाउने आधार नरहेकोले करकट्टि घटाई उक्त रकम असुल हुनुपर्ने रु...
<table>
<tr><th>भत्ता बुझ्ने</th><th>करकट्टि पछिको भुक्तानी रकम</th></tr>
<tr><td>निशान्त शर्मा</td><td>12750</td></tr>
<tr><td>ओम ब. दर्जी</td><td>8500</td></tr>
<tr><td>थिर प्र. भट्टराई</td><td>12750</td></tr>
<tr><td>जम्मा</td><td>34000</td></tr>
</table>

(उक्त बेरुजु कार्यालयको मिति २०७९-३-१ को निर्णयानुसार प्रतिक्रियाबाट फस्र्यौट गरिएको)</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०			**फिल्ड भत्ता** नेपाल सरकारले २०७६।४।१ देखि लागु हुने गरी संघ, प्रदेश तथा स्थानीय तहका कर्मचारीहरुको तलव भत्ता सम्बन्धी व्यवस्था गरेको छ । अर्थ मन्त्रालयबाट प्रकाशित तलवमान सम्बन्धी सूचनामा स्थानीय तहमा कार्यरत कर्मचारीलाई थप फिल्ड भत्ताको व्यवस्था रहेको पाइएन । पालिकाले स्वास्थ्य शाखातर्फ कार्यरत निम्नानुसारका कर्मचारीलाई मासिक स्थानीय भत्ताको अतिरिक्त फिल्ड भत्ता उल्लेख गरी यो वर्ष रु. 214950/-भुक्तानी गरेको छ । स्थानीय तहमा समायोजन भै स्थानीय भत्ता पाइरहेका कर्मचारीलाई थप फिल्ड भत्ता भुक्तानी गरेकोले उक्त रकम पाउने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा दोहोरो भत्ता रकम असुल हुनुपर्दछ रु.	२१४,९५०

नाम/पद	**भुक्तानी रकम**
अहेव पाँचौ प्रवासी राई	27000
अनमी पाँचौ तुलसा देवी निरौला	27000
अहेव पाँचौ नगेन्द्र राज घिमिरे	27000
अहेव पाँचौ बाबुराम कार्की	27000
अहेव पाँचौ श्याम प्रसाद भट्टराई	25950
अहेव पाँचौ मोहन विक्रम कार्की	27000
अनमी पाँचौ सीता कार्की	27000
अहेव पाँचौ कूल ब. भुजेल	27000
जम्मा	**214950**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१			**प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका सबैवडाहरुमा मा खेल मैदान निर्माण, सडक स्तर उन्नति, गोरेटो बाटो निर्माण, खानेपानी मुहान संरक्षण, सोलिङ लगायत निर्माण कार्य कार्यक्रम सञ्चालन गरी यस वर्ष १४३ जनालाई रोजगारी उपलव्ध गराई रु.८४८९७२३/- खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला रु.७३९३१००/-, प्रशासनिक र कार्यक्रम खर्च रु.१०९६७२३/- समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।	
४२			**सामाजिक सुरक्षा तथा संरक्षणतर्फ(३१४०१०१२३)** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट **रु.५६१९५३८०/-** प्राप्त भएकोमा सोही रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन:	
४२.१			सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २१ मा सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्नुपर्ने व्यवस्था छ । नेपाल राजपत्रमा मिति २०७७।७।२४ मा प्रकाशित सूचनामा नेपाल सरकारको निर्णायानुसार यस पालिकाले २०७७।८।१ देखि अनिवार्य रुपमा बैंङ्किङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने उल्लेख भएकोमा वडा नं ५ मा दोश्रो र तेश्रो चौमासिकको भत्ता बैंकबाट वितरण बाहेक सबै वडामा ३ वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता नगदै वितरण गरेको हुँदा कार्यविधिको व्यवस्था पालना गरेको देखिएन । साथै वडा नं ५ को दोश्रो र तेश्रो चौमासिकको भत्ता वितरण गर्दा कार्यविधिको व्यवस्था बमोजिम फर्वाड र रिभर्स फिडको प्रयोग समेत भएको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२.२			सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त एम.आई.एसमूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना=प्र=नं दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेकोसमेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम=आई=एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा गाउँपालिकाले एम=आई=एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।	
४२.३			सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम ४ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ । नियमको उपनियम क र ख मा अशक्त जेष्ठ नागरिक, अशक्त र असहाय नागरिक, असहाय एकल महिला वा आफ्नो हेरचाह गर्न नसक्ने नागरिक, नेपाल सरकारले तोकेका पाँच वर्ष उमेर पुरा नभएका बालबालिकालाई उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता निजको संरक्षक, माथवर, आमा, बुवा वा स्याहार सुसार गर्ने व्यक्तिलाई दिन सक्ने भनि व्यवस्था छ । पालिकाले विभिन्न समुहको भत्ता वितरण गर्दा लाभग्राही बाहेककालाई हस्ते मार्फत भत्ता भुक्तानी दिएकोमा भत्ता बुझ्ने संरक्षक खुलेको प्रमाण समावेश गरेको पाईएन ।	
४२.४			सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम ९ अनुसार यस आर्थिक वर्षमा नवीकरण गरिएको लाभग्राहीको विवरण माग गरिएकोमा लेखापरीक्षणमा सोको विवरण पेश हुन नआएकोले यस सम्बन्धमा उल्लेख गर्न सकिएन ।	
४२.५			सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम १६ मा स्थानीय तहले सामाजिक सुरक्षा भत्ताको लागि नयाँ नाम दर्ता, नविकरण, सामाजिक सुरक्षा भत्ता वितरण गरेको विवरण र त्यस्तो भत्ता बुझिलिनेको नामावली, विविध कारणले एम.आई.एस अभिलेखबाट लगत कट्टा भएका लाभग्राहीको विवरण, स्वेच्छिक रुपमा सामाजिक सुरक्षा भत्ता नलिने घोषणा गरेकाको नाम तथा सम्मान गरिएको लगायतको विवरण चौमासिक तथा वार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । यस्तो विवरण सार्वजनिक गर्दा सम्बन्धित स्थानीय तह तथा वडा कार्यालयमा तथा संभव भएसम्म विद्युतिय प्रणाली मार्फत प्रकाशन गरि सोको जानकारी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा हेर्ने निकायमा समेत पठाउनु पर्नेमा सो अनुसार गरेको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२.६			सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २२(१) मा ऐन तथा नियमावली बमोजिम राखिएको अभिलेख तथा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा सम्बन्धित गाँउ कार्यपालिकाका अध्यक्षले निरन्तर अनुगमन गर्नु वा गराउनु पर्ने व्यवस्था छ । अनुगमन विवरण पेश नभएकोले यस सम्बन्धमा एकिन हुन सकेन ।	
४२.७			सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्ने मा सो अनुसार पठाउने गरेको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२.८			सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पेश भएको लाभग्राहीको लगत कट्टाको विवरणमा तोकिएको प्रकृया पुरा गरि लगत कट्टा गरेको सम्बन्धमा आश्वस्त हुन सकिएन ।	

समूह	**वडा १**	**वडा २**	**वडा ३**	**वडा ४**	**वडा ५**	**वडा ६**	**वडा ७**	**वडा ८**	**जम्मा**
अति अशक्त	०	३	०	०	०	१	२	०	**६**
जेष्ठ नागरिक एकल महिला	४	१	२	०	१	०	१	०	**९**
जेष्ठ नागरिक भत्ता दलित	०	०	०	१	१	१	३	०	**६**
जेष्ठ नागरिक भत्ता ७० माथि	२२	११	१०	१४	१४	११	१४	१३	**१०९**
दलित बालबालिका	१७	५	११	१६	११	१२	१	६	**७९**
पूर्ण अपाङ्गता भत्ता	०	०	०	०	०	१	०	१	**२**
विधवा	२	०	०	०	०	३	४	१	**१०**
जम्मा	**45**	**20**	**23**	**31**	**27**	**29**	**25**	**21**	**221**

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२.९</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं १५(१) मा स्थानीय तहले लाभग्राहीको भत्ता आर्थिक वर्षको प्रत्येक चौमासिकको अन्त्य सम्म भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले पहिलो चौमासिकको पेश्की २०७७ कार्तिक १ गते दिएकोमा भत्ता वितरण गरि २०७७ फाल्गुन २३, चैत्र १, ४, ५, १० र ११ गते फर्छिएको, दोश्रो चौमासिकको पेश्की २०७७ फाल्गुन २३, चैत्र ५, १०, ११ र २६ गते दिएकोमा भत्ता वितरण गरि २०७८ असार ७, ११, २० र २१ गते फर्सिएको र तेश्रो चौमासिकको पेश्की २०७८ असार ११, १६ र २१ मा दिएकोमा भत्ता वितरण गरि २०७८ असार २९ र ३० मा फर्स्यौंट गरेको पाईयो । कार्यविधिले तोकेको समयावधि भित्र प्रथम र दोश्रो चौमासिकको भत्ता वितरण गरेको पाईएन । कार्यविधिमा तोकिएको समयसिमा भित्र लाभग्राहीलाई भत्ता वितरण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४२.१०</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ताबापत यस गाउँपालिकाबाट ३ वटै चौमासिकमा वितरण गरिएको भर्पाई र पालिकाबाट पेश भएको लगतकट्टा विवरणलाई आधारमा मानी नमुना छनौट गरि परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रकम भुक्तानी दिएको देखिन आएकोले थप छानबीन गरी असुल गर्नुपर्ने देखिएको रु...
<table>
<tr><th>वडा नं</th><th>लाभग्राहीको नाम</th><th>समुह</th><th>ना प्र नं</th><th>पाउने</th><th>दिएको</th><th>बढी</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>डिग बहादुर बस्नेत</td><td>जेष्ठ नागरिक ७० माथि</td><td>३१४०। १८७५</td><td>०</td><td>२४०००</td><td>२४०००</td><td>मृत्यु कारण जनाई लगत कट्टा २०७७।६।२५ मा भएकोमा दोश्रो र तेश्रो चौमासिकको पुरै भत्ता निकासा</td></tr>
<tr><td>१</td><td>भैलक्षी राई</td><td>जेष्ठ नागरिक ७० माथि</td><td>३४३८। १६९१</td><td>९०००</td><td>१२०००</td><td>३०००</td><td>मृत्यु कारण जनाई लगत कट्टा २०७७।१०।९ मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता निकासा</td></tr>
<tr><td>१</td><td>धन कुमारी राई</td><td>विधवा</td><td>१३३००१। १४६</td><td>६०००</td><td>८०००</td><td>२०००</td><td>मृत्यु कारण जनाई लगत कट्टा २०७७।११।१ मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता निकासा</td></tr>
<tr><td>१</td><td>डम्बर कुमारी</td><td>जेष्ठ नागरिक एकल महिला</td><td>५०९</td><td>०</td><td>८०००</td><td>८०००</td><td>बसाईसराई कारण जनाई लगत कट्टा २०७६।३।२९मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा</td></tr>
</table></td><td>२६२,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				निरौला							
			२	खड्ग कुमारी श्रेष्ठ	जेष्ठ नागरिक ७० माथि	३०७। ८०८७	९०००	१२०००	३०००	मृत्यु कारण जनाई लगत कट्टा २०७७।११।१ मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता निकासा	
			२	दल बहादुर श्रेष्ठ	जेष्ठ नागरिक ७० माथि		९०००	१२०००	३०००	मृत्यु कारण जनाई लगत कट्टा २०७७।११।१ मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता निकासा	
			३	अगमध्वज सार्की	जेष्ठ नागरिक ७० माथि	२६। ९५२	९०००	१२०००	३०००	मृत्यु कारण जनाई लगत कट्टा २०७७।१०।१५ मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता निकासा	
			३	छत्र कुमारी श्रेष्ठ	जेष्ठ नागरिक ७० माथि	३३६। ९९३	९०००	१२०००	३०००	मृत्यु कारण जनाई लगत कट्टा २०७७।११।१० मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता निकासा	
			५	जगतनाथ खनाल	जेष्ठ नागरिक ७० माथि	५४२७। ३५०	१२०००	४८०००	३६०००	मृत्यु कारण जनाई लगत कट्टा २०७७।७।१९ मा भएकोमा प्रथम चौमासिक दोहोरो, दोश्रो र तेश्रो चौमासिकको पुरै भत्ता निकासा	
			५	डोमा शेर्पा	जेष्ठ नागरिक ७० माथि	७८। ७२७	१२०००	३६०००	२४०००	मृत्यु कारण जनाई लगत कट्टा २०७७।७।२६ मा भएकोमा प्रथम चौमासिक दोहोरो र तेश्रो चौमासिकको पुरै भत्ता निकासा	
			५	ढाकिपा शेर्पा	जेष्ठ नागरिक ७० माथि	३५३२। ७३०	१२०००	२४०००	१२०००	दोहोरो दर्ता कारण जनाई लगत कट्टा २०७७।३।३० मा भएकोमा प्रथम चौमासिकको दोहोरो भत्ता निकासा	
			५	दिव्य कुमारी	जेष्ठ नागरिक ७० माथि	२३०।४५२	१२०००	३६०००	२४०००	मृत्यु कारण जनाई लगत कट्टा २०७७।७।२९ मा भएकोमा दोश्रो र तेश्रो चौमासिकको पुरै भत्ता निकासा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				भट्टराई							
			५	बुधे सार्कि	जेष्ठ नागरिक ७० माथि	२३५८। २५२	१२०००	२४०००	१२०००	प्रथम चौमासिकको दोहोरो भत्ता निकासा	
			७	माया तामाङ	जेष्ठ नागरिक ७० माथि		०	३६०००	३६०००	मृत्यु कारण जनाई लगत कट्टा २०७७।३।१७ मा भएकोमा ३ वटै चौमासिकको पुरै भत्ता निकासा	
			७	कुमारी राई	विधवा	२७८। ३३१	०	२४०००	२४०००	मृत्यु कारण जनाई लगत कट्टा २०७७।३।१२ मा भएकोमा ३ वटै चौमासिकको पुरै भत्ता निकासा	
			७	हिरा कुमारी राई	विधवा	१३३००६। १०३	०	२४०००	२४०००	मृत्यु कारण जनाई लगत कट्टा २०७७।३।२७ मा भएकोमा ३ वटै चौमासिकको पुरै भत्ता निकासा	
			७	मेखमान राई	जेष्ठ नागरिक ७० माथि	१३।०१। ७४।०२६५	९०००	१२०००	३०००	मृत्यु कारण जनाई लगत कट्टा २०७७।१०।२८ मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता निकासा	
			७	फोक्टी शेर्पा	जेष्ठ नागरिक ७० माथि		९०००	१२०००	३०००	मृत्यु कारण जनाई लगत कट्टा २०७७।१०।१० मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता निकासा	
			८	दत्त बहादुर कार्की	जेष्ठ नागरिक ७० माथि	३९२। ३२४	९०००	१२०००	३०००	मृत्यु कारण जनाई लगत कट्टा २०७७।१०।३० मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता निकासा	
			८	छत्रजंगध्वज कार्की	जेष्ठ नागरिक ७० माथि		०	१२०००	१२०००	मृत्यु कारण जनाई लगत कट्टा २०७६।१०।१ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा	
			जम्मा						**२६२०००**		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**सवारीसाधन खरिद** अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले 4 थान दुई पाङ्ग्रे सवारि साधन खरिदमा रु.996000/ - तथा 1 थान चार पांग्रे सवारी साधन एम्बुलेन्स खरिदमा रु.1079755/ - समेत रु.2075755/ - खर्च गरेको छ ।	
४३.१			**एम्बुलेन्स खरिदको स्पेसिफिकेशनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६१ ले वोलपत्र मूल्याङ्कन सम्बन्धी व्यवस्था गरेको र नियम ६२ मा वोलपत्रको प्राविधिक पक्षको मूल्याङ्कन सम्बन्धी व्यवस्था छ । कार्यालयले एम्बुलेन्स खरिद गर्न स्वीकृत गरेको स्पेसिफिकेशनमा एम्बुलेन्सभित्र Revolving Fan समेत हुनुपर्ने गरी स्वीकृत गरेको छ । एम्बुलेन्स खरिद कार्य क्याटलग सपिङबाट गर्ने गरी प्रस्ताव आह्वान गरेको र एकमात्र प्रस्तावको प्रस्ताव प्राप्त गरी (अग्री इन्कर्पोरेट प्रा.लि.) सोही प्रस्तावको रु.1079755/- मा एम्बुलेन्स खरिद गरेकोमा प्रस्तावले Revolving fan not provided उल्लेख गरी प्रस्ताव पेश गरेकोमा एम्बुलेन्सको स्पेसिफिकेशन संशोधन र पुन स्वीकृत नगराई शुरुको स्पेसिफिकेशन भन्दा फरक स्पेसिफिकेशनको एम्बुलेन्स खरिद गरी भुक्तानी गरेको पाइयो । स्वीकृत स्पेसिफिकेशन भन्दा फरकको एम्बुलेन्स खरिद गर्नाले तोकिएको सुविधा प्राप्त नहुने अवस्था देखियो ।	
४३.२			**स्वीकार प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा आपूर्ती गरिएको मालसामान स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत स्पेसिफिकेशन भन्दा फरक एम्बुलेन्स खरिद गरेकोमा सोको स्वीकार प्रतिवेदन समेत तयार गरेको पाइएन । नियमानुसार कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४			**पकेट विकास कार्यक्रमः** **पकेट विकास कार्यक्रमः** शर्शत अनुदानको प्राप्त रकमबाट कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको नर्म्स अनुसार कार्यक्रम संचालन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई प्राप्त प्रधानमन्त्री कृषि आधुनिकीकरण योजना तर्फको रकमबाट विभिन्न पकेट विकास सम्बन्धी कार्यक्रम संचालन गरेको छ । सो मध्ये बाख्राको पकेट विकास कार्यक्रम तर्फ २ समुह छनौट गरी रु.750000/- का दरले अनुदान उपलब्ध गराएको पाइयो । बाख्राको पकेट क्षेत्र संचालन गर्न छनौट भएका समुहलाई बाख्रा उपलब्ध गराउँदा स्रोत केन्द्र नतोकिदिएको, खरिद गरिएका बाख्राको स्वास्थ्य जाँच नगरेको समेत पाइयो । पशुपक्षि उपलब्ध गराउने गरी कार्यक्रम संचालन गर्दा उन्नत र स्वास्थ्य पशु खरिद र वितरण गर्ने व्यवस्था गर्नुपर्दछ ।	
४५	१२३	२०७८-३-२०	धानको पकेट क्षेत्र विकासको लागि छनौट भएको विला टोल कृषक समूहसँग भएको कार्यक्रमको लागत सहभागिता बाँडफाँड विभिन्न आइटमहरुमा पालिकाले व्यहोर्नुपर्ने रकमको बाँडफाँड भई परियोजना प्रस्तावमा मूल्यको प्रतिशतका दरले व्यहोर्ने गरी बाँडफाँड भएको पाइयो । कृषक समूहले व्यहोर्नुपर्ने अंशको नगद दाखिला गरेको प्रमाण पेश भएन । कार्यक्रम संचालन गर्न खरिद गरिएको सामाग्रीको विल रकमको आधारमा मात्र रकम बाँडफाँड गरी खर्च गरेको पाइयो । सिंचाई कूलोमा रु.170000/- मध्ये ८५ प्रतिशत पालिकाले व्यहोरेकोमा सिंचाई कुलोको मर्मत संभारमा उपभोक्ताले व्यहोरेको अंश खुलाइ कार्य गरेको कामको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । लागत सहभागिताबाट कार्य गर्न समुह छनौट वा प्रस्ताव आह्वान गर्दानै व्यहोर्नुपर्ने अंश वापतको रकम जम्मा गराई खरिद र पालिकाको हिस्सा निर्धारण गर्नुपर्दछ ।	
४६			**अधुरा आयोजना** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.11485000 का 7 योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७			**खरिद योजनाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले दश लाख रुपैँया भन्दा बढीको रकमको खरिद गर्नुपर्ने भएमा आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम र बजेट तयार गर्दा वार्षिक खरिद योजना समेत तयार गर्नुपर्ने व्यवस्था छ । गाउँकार्यपालिकाले वार्षिक खरिद योजना तयार गरी स्वीकृत गरेको पाइएन । खरिद सम्बन्धी कार्यहरु संचालन गर्दा योजना वेगर पटक पटक एकै प्रकारको मालसामान सदरमुकाम बजार तथा काठमाडौबाट खरिद गर्ने गरेको, प्रतिस्पर्धा गराई खरिद गर्नुपर्नेमा साझै पटक पटक टुक्रा गरी खरिद गरेको समेत देखिएको छ । मालसामान खरिद गर्न कर्मचारीहरु भ्रमण काज खटिई काठमाडौं जाँदा आँउदा र छुट्टै ढुवानी भाडा व्यहोरी काठमाडौँबाट खरिद गरिएका सामान पालिकासम्म ल्याउने कार्यमा थप ढुवानी लागतमा खर्च हुने गरेको देखियो । वार्षिक खरिद योजना स्वीकृत गरी प्रतिस्पर्धात्मक ढँगबाट किफायती रुपमा गुणस्तरयुक्त सामान खरिद गर्नुपर्दछ ।	
४८			**एकमुष्ट आइटम खर्चः** कार्यालयले गाउँपालिका सभाहल निर्माण गर्न २०७६।७७ मा निर्माण व्यवसायी सिजनल इन्जिनियरिङ कन्सल्टेन्सीसँग रु.9340976.75 मा खरिद सम्झौता गरी २०७७।७।३० सम्मको म्याद रहेकोमा कार्यपालिकाको २०७७।६।१३ को निर्णयबाट म्याद थप गरी २०७७।११।३० मा मात्र कार्य सम्पन्न गरेको देखिएको छ । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार छः : **एकमुष्ट दरको आइटमको कार्यः** कार्यालयले निर्माण व्यवसायीसँग विल अफ क्वान्टिटि सम्झौता आइटम नं. 77 मा Electrical and Sanitary works 1 job उल्लेख गरेको र निर्माण व्यवसायीले उक्त आइटममा रु.426000/- एकमुष्ट दर पेश गरेको छ । सभाहलमा स्यानीटरी सम्बन्धी कुनै काम नगरी उक्त पुरै रकम भुक्तानी दिएको देखियो । एकमुष्ट आइटम दर राखी सम्झौता गर्नाले २ वटा मध्ये १ काम मात्र गरी पुरै रकम खर्च भएको पाइयो । एकमुष्ट आइटम तयार नगरी दर विश्लेषण सहित आइटम वाइज रकम खुलाएर सम्झौता गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण सम्बन्धी कामको विमा गराउदा कार्य स्थल सुम्पिएको दिन देखि त्रुटि सच्याउने अवधि सम्मको सबै प्रकारको हानिनोक्सानी व्यहोर्ने गरी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायीको म्याद थप गरी २०७७।११।३० सम्म पुर्‍याएको र २०७७।११।२१ मा मात्र काम सम्पन्न भएकोमा उक्त कामको त्रुटि सच्याउने अवधि २०७८।११।२० सम्म हुने हुँदा निर्माण व्यवसायीले पेश गरेको विमाको अवधि १५।१०।२०२१ सम्म मात्र रहेकोले विमा अवधि थप गरी लिनुपर्दछ ।	
४९			**संघीय समपुरक अनुदानतर्फः-**	५२१,३९१.१६

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
(ठे.नं. 2/2076/77) पालिकालाई यो वर्ष संघीय सरकार समपुरकबाट रु.2539000/- मात्र प्राप्त भएकोमा पालिकाले रु.4794586/- खर्च गरेको छ । गत वर्ष प्राप्त संघीय सरकार अनुदान तर्फ खर्च नभई बाँकी रहेको रकम वर्षान्तमा फिर्ता नगरेको व्यहोरा औल्याइएकोमा कार्यपालिकाको निर्णयानुसार निर्माण व्यवसायीसँग सम्झौता भई कार्य चालु रहेको अवस्था उल्लेख गरी बाँकी रकम फिर्ता नगरेको जानकारी गराएकोमा यो वर्ष सो बाँकी रकम समेतबाट ढोट्ने खोला-माम्खा-खार्तेखोला-रातामाटे सडकमा कार्य गराई भुक्तानी गरेकोमा देखिएको व्यहोराः
(क) कामको वीमाः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण सम्बन्धी कामको ठेक्काको त्रुटी सच्चाउने अवधि सम्मको वीमा गराउनुपर्ने व्यवस्था यो ठेक्काको सम्झौता मूल्य रु. 9284168.91 रहेकोमा निर्माण व्यवसायीले कामको वीमा गरी पेश गरेको पाइएन ।
(ख) कार्य सम्पन्न जमानतः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा ठेक्का सम्झौता पेश भएको कार्य सम्पादन जमानतको अवधि त्रुटि सच्चाउने अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्नेमा निर्माण व्यवसायी सिजनल सोलु जे.भी.ले पेश गरेको रु. 496000/- को कार्य सम्पन्न जमानतको अवधि २०७८।५ सम्म मात्र रहेको छ । तर निर्माण कार्य २०७७।८।२८ मा मात्र सम्पन्न गरेकोले जमानत घटी अवधिको मात्र रहेको छ । नियमानुसार वीमा गराएर कार्य गराउनु पर्ने र कार्य सम्पादन जमानत अवधि थप गराई लिनुपर्दछ ।
(ग) कामको नापी भेरिएसन र भुक्तानीः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा भेरिएसन सम्बन्धी र नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा सम्पन्न कामको नापीबाट प्रमाणित परिमाणको मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यो सडकको स्तरन्नोती सम्बन्धी काम गर्न स्वीकृत गरिएको कामको आइटममा निम्नानुसारको आइटम समावेश भएको छ ।
<table>
<tr><th>आइटम</th><th>परिमाण</th></tr>
<tr><td>E/W excavation for back cutting dis[osal</td><td>26909 घ.मी.</td></tr>
<tr><td>Formation of embackment filling and backfilling</td><td>5519.84 घ.मी.</td></tr>
</table>
कार्यपालिकाको २०७७।२।२० को निर्णय नं. 5 बाट यो ठेक्कामा आवश्यकता अनुसार विल अफ क्वान्टिटीमा रहेको परिमाण पुग्ने गरी सडक स्तरन्नोती गर्ने निर्णय गरी ठेक्का प्याकेज ०+050-3+350 सम्मको कामको नापजाँच विल तयार गरी कटिङको काम बढाई 32123.43 घ.मी. पुर्‍याएको र अन्य आइटमको काम घटाई यो वर्ष अन्तिम विल वापत रु. 4797585/- भुक्तानी गरेको पाइयो । सडकको डि.पि.आर. अनुसार 20+00०-23+080 सम्मको माटो कटिङ परिमाण 26909.52 घ.मी. रहेको र सोही परिमाणको ठेक्का बन्दोवस्त भएकोमा कामको भेरिएसन वेगर ३ कि.मी. भन्दा बढी क्षेत्रको काम गराउने निर्माण गरी
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सडकको BOQ मा आइटम नं. १ E/W Excation for back cutting / grade cutting समेतको कामको कार्य परिमाण २६९०९।५२ घ.मी. रहेकोमा अन्तिम विल सम्मको ३२१२३.४३ घ.मी. को हुने रु. 3213343.१० भुक्तानी गरेको र आइटम नं. २ को disposal तथा आइटम नं. 3 को Formation of embankment filling & backfilling ५५१९.84 घ.मी. रहेकोमा उक्त दुवै आइटमको परिमाण घटाई E/W Excation को कार्य परिमाण मात्र बढाएको पाइयो । प्राविधिक पुष्ट्याई वेगर कटिङको कार्य परिमाण थप भएकोमा X-drawing को आधारबाट माटो कटिङको कार्य परिमाण गणना नगरी विल तयार गरी भुक्तानी गरेको छ बढी परिमाणको भुक्तानी गरेकोमा कटिङको कामको नापी X-sectional drawing बाट गणना गरेको समेत पाइएन । कामको भेरिएसन स्वीकृत नगरी तथा सडक कटिङ कामको परिमाण X-sectional drawing बाट नापजाँच नगरी सम्झौता भन्दा बढी परिमाणको भुक्तानी गरेकोले कामको आवश्यकता र भुक्तानी परिमाण यकिन गर्न नसकिएको अनियमित खर्च रु.	
५०			**ठे.नं. १/2076/77 भेरिएसनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको वखत पूर्वानुमान नगरेको अवस्था सृजना भएमा ऐनको दफा ५४ मा तोकिएका पदाधिकारीले भरिएसन गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गतको सेर्ना-दियाले-आपसरा-भदौरे सडकको निर्माण कार्य गर्न शुभ एण्ड ध्रुव कन्ट्रक्सनसँग (0+000-3+218 सम्म) क्षेत्रको कार्य परिमाण राखी रु. 6028116.40 मा खरिद सम्झौता भई कार्य प्रारम्भ गरेकोमा यो वर्ष उक्त ठेक्काको अन्तिम विल वापत रु. 3472227.21 को मात्र कार्य गराई ठेक्का सम्पन्न गरेको पाइयो । कामको अन्तिम विल सम्म 0+000-2+700 सम्मको मात्र काम गराई ठेक्का फाइनल गरेकोमा नियमावलीको व्यवस्था बमोजिम कामको भेरिएसन स्वीकृत नगरी घटी क्षेत्रमा मात्र काम गराई ठेक्का फाइनल गरी भुक्तानी गरेको अनियमित रु.	१,७५४,३६३
५१			**कन्टिन्जेन्सी खर्च** **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० बमोजिम निर्माण कार्यको लागत अनुमानमा रहेको कन्टिन्जेन्सी रकम खर्च गर्दा वर्कचार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च र फिजिकल कन्टिन्जेन्सी खर्च गर्दा कार्यविधि स्वीकृत गरी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न योजनाहरुको कार्य गराउन स्वीकृत गरेको लागत अनुमानमा रहेको कन्टिन्जेन्सी रकम खर्च गर्ने गरेकोमा कार्यविधि स्वीकृत नगरेको कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेको साथै कन्टिन्जेन्सीबाट वर्कचार्ज स्टाफ खर्च र अन्य सानातिना खर्च नछुटाउन अधिकांश रकम कार्यालयले मालसामान र भ्रमण भत्तामा खर्च गर्ने गरेकोले कन्टिन्जेन्सी रकम तोकिएको आधार सीमा भित्र रहेको मान्ने आधार देखिएन। नियममा भएको व्यवस्थाको पालना गरेर अभिलेख राखेर मात्र कन्टिन्जेन्सी रकम खर्च गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२			**अस्पताल निर्माण स्थितिः** नेपाल सरकारको २०७७।७८ को नीति तथा कार्यक्रममा रहेको सबै स्थानीय तहमा आधारभुत अस्पताल निर्माण गर्ने कार्यक्रम संचालन गर्ने आधारभूत अस्पताल निर्माण सम्बन्धी निर्देशिका २०७७ अनुसार गाँउपालिकामा ५ शैयाको आधारभूत अस्पताल निर्माण गर्न रु. 7 करोड ११ लाख ९८ हजार बजेट सुनिश्चितता गरी बाँकी स्थानीय तहले व्यहोर्ने गरी यो वर्ष रु. 70 लाखको अख्तियारी प्राप्त भएको छ । पालिकाले सो रकमबाट अस्पताल निर्माण कार्यको डि.पि.आर. तयार गर्न रु. 1895010/- खर्च गरेको छ । परामर्शदाताले अस्पताल निर्माणमा रु. 141462799/- लाग्ने अनुमानित लागत देखाएको पाइयो । कार्यालयले अस्पताल निर्माण कार्यको BOQ तयार गरी लागत अनुमान स्वीकृत गर्दा रु. 81000000/- मात्र कायम गरेको छ । अस्पतालको डि.पि.आर. भन्दा कार्यालयले विल्डिङ, जग्गा विकास, वाटरसप्लाई, स्यानिटेशनका आइटम घटाई लागत अनुमान स्वीकृत गरी ठेक्का आव्हान गरेको पाइयो । ठेक्का बन्दोबस्त हुँदा रु. 52619276.31 मै कवुल भई निर्माण कार्य प्रारम्भ भएकोले डि.पि.आर. र डिजायनमा आवश्यक देखाइएको सेवा सुविधा र संरचना प्राप्त नहुने अवस्थाको सृजना भएकोले तोकिएको अनुसार आधारभुत अस्पताल निर्माण कार्यमा फरक परेको छ ।	
५३			**त्रुटिपूर्ण कर विजक** शुभ एण्ड ध्रुव कन्ट्रक्सन प्रा.लि.लाई फाइनल विल वापत रु. 1754363/- भुक्तानी गरेकोमा मु.अ.कर वापत रु. 201829.47 थप गरी भुक्तानी गरेकोमा कन्ट्रक्सन प्रा.लि.ले मू.अ.कर विजक हातले लेखी (02) २०७७।९।२३ मा रकम संकलन गरेकोले उक्त रकम सम्बन्धित महिनाको विवरणमा समावेश गरी समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	२०१,८२९.४७
५४			**भेरिएसन वेगर ठेक्का फाइनल** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको वखत पूर्वानुमान नगरिएको अवस्था सृजना भई कामको भेरिएसन गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गतको सेर्ना-दियाले-भदौरे सडक निर्माण गर्न निर्माण व्यक्ति शुभ एण्ड ध्रुवसँग रु. 6028116.40 मा खरिद सम्झौता भई (ठे.नं. 01/2076/77) कार्य प्रारम्भ गरेकोमा 0+0000 - 0+2700 सम्मको मात्र काम गराई फाइनल विल तयार गरेको छ । कामको भेरिएसन नगराई रु. 3472227.51 को मात्र कार्य गराई ठेक्का अन्त गरेकोले नियमावलीको व्यवस्था पालना गरेरमात्र खरिद सम्बन्धी कार्य गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५			**गुणस्तर परीक्षण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको रनिङ विल भुक्तानी गर्दा स्वीकृत स्पेसिफिकेशन अनुसारको सम्पन्न कामको टेष्ट रिपोर्ट लिएर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत संचालित साना सिंचाई कार्यक्रममा प्रयोग हुने निर्माण सामाग्रीहरुको स्पेसिफिकेशन तोकिएको छ । कार्यालयले उपभोक्ता समिति मार्फत सिंचाई कुलो निर्माण गरी यो वर्ष समेत थप कार्य गरी रु.३५२७४३४ पेश्की फर्स्यौट गरेकोमा सम्झौता तोकिए बमोजिम निर्माण सामाग्री सिमेन्ट, छड, ग्रिप र तारको गुणस्तर परीक्षण वेगर नै भुक्तानी गरेको पाइएन । निर्माण कार्यमा स्पेसिफिकेशन तोकी सम्झौता गरेकोमा सोही अनुसार परीक्षण गराएर मात्र भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ ।	
५६			**जग्गा खरिदः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाको सम्पत्ति संरक्षण र अभिलेखको व्यवस्था छ । प्राथमिकता प्राप्त आयोजनाको लागि स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपर्नेमा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम तोकिएको आधारबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा बजेटमा जग्गा खरिद गर्न वडा नं. 2 मा रु. 1050000/- को बजेट स्वीकृत गरी यो वर्ष आधारभुत अस्पताल निर्माण स्थलको लागि रु. 1048000/- मा ५ रोपनी तथा खानीभन्ज्याङमा खेल मैदान बनाउन ८ रोपनी समेत जग्गा खरिद गरी खर्च गरेको पाइयो । गाउँपालिकाले जग्गा प्राप्ति सम्बन्धी छुट्टै कार्यविधि स्वीकृत गरी लागु गर्ने सम्बन्धी व्यवस्था नभएतापनि जग्गा खरिद कार्यविधि, २०७७ स्वीकृत गरी खरिद सम्बन्धी कार्य गरेको पाइयो । प्रचलित कानूनमा भएको व्यवस्था पालना गरेर मात्र जग्गा खरिदमा रकम खर्च गर्नुपर्दछ ।	
५७			**योजना कार्यक्रम र खर्च अनुमोदनः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहीर गई बजेट खर्च गर्न पाउने व्यवस्था छ । आ.व. २०७७।७८ को गाउँ सभाबाट पारित कार्यक्रम र स्वीकृत बजेटमा गहते विद्युतीकरण तथा जनता आवास कार्यक्रम स्वीकृत गरी बजेट पारित गरेको पाइएन । प्रदेश सरकार समपुरक अनुदानबाट समेत खर्च गर्ने गरी दुवै कार्यक्रममा गाउँ कार्यपालिकाले रु. 15/15 लाखका दरले समपुरक रकम संशोधित कार्यक्रमबाट छुट्याएको र रकम खर्च गर्दा विद्युतीकरण तर्फको काममा रु.5540794.06 भुक्तानी गरेको छ । विद्युत कार्यक्रम संचालन गरी खर्च गर्दा प्रदेश सरकार तर्फ बढी दरबाट खर्च गरेको पाइयो । त्यसैगरी जनता आवास कार्यक्रमबाट २१ जना लाभग्राही छनौट गरी रु.3 लाखका दरले गाउँ कार्यपालिकाले र बाँकी घरधनी स्वयंले व्यहोर्नुपर्ने गरी कार्यक्रम संचालन गरी खर्च गरेको पाइयो । दुवै कार्यक्रममा गरिएको खर्च र कार्यक्रमहरु गाउँसभाबाट पारित गरेरमात्र संचालन गर्नुपर्दछ ।	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८			प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि २०७५ को दफा ४(२) मा प्रदेश सरकारले व्यहोर्ने अंश कूल लागतको बढीमा ७० प्रतिशत सम्म हुने व्यवस्था भएकोमा पालिकाले रकम खर्च गर्दा प्रदेश सरकार तर्फको पुरै खर्च गरी बाँकी रकम मात्र गाउँपालिका संचित कोषबाट व्यहोरेको देखियो । स्वीकृत कार्यविधि अनुसार योजनामा खर्च गरी बाँकी रकम फिर्ता गर्नुपर्दछ ।	
५९			**वीमा पोलिसीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण कार्यको वीमा गराउदा कार्यस्थल सुम्पिएको दिन देखि त्रुटि सच्याउने अवधिसम्म हुने सबै प्रकारको हानी समेटिएको वीमा गराई पेश गर्नुपर्ने व्यवस्था छ । अस्पताल भवन निर्माण गर्ने निर्माण व्यवसायीले ठेक्का सम्झौतामा तोकिएको निर्माण अवधि र त्रुटि सच्याउने अवधि भन्दा घटी अवधिको मात्र कामको वीमा गराएको पोलिसी पेश गरी प्रथम रनिङ विलबाट रु. 249762/- भुक्तानी लिएकोले नियममा भएको व्यवस्था बमोजिम पुरै अवधिको वीमा थप गरिएको पोलिसीको प्रमाण पेश हुनुपर्ने रु.	२४९,७६२
६०			**गुणस्तर परीक्षणः** कार्यालय र निर्माण व्यवसायी विच भएको खरिद सम्झौतामा निर्माण कार्यको स्टेण्डर्ड स्पेसिफिकेशन समेत तोकिएकोमा यो वर्ष प्रथम रनिङ विलबाट रु. 5091462/- भुक्तानी गर्दा स्वीकृत स्पेसिफिकेशन अनुसार निर्माण सामाग्रीको ल्याव टेष्ट गराई टेष्ट सर्टिफिकेट समावेश नगरी भुक्तानी गरेको छ । तोकिए बमोजिमको सबै परीक्षण गराएर मात्र भुक्तानी गर्नुपर्दछ ।	
६१			**अन्तर्गत कोषहरुको कारोवारः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ मा स्थानीय संचितकोष सम्बन्धी व्यवस्था छ । गाउँपालिकालाई प्राप्त हुने कुनै पनि स्रोतको रकम संचितकोषमा रहने र कोषमा जम्मा भएको रकम खर्च गर्ने सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुने गरी तोकिएको छ । साविकमा जिल्ला जन-स्वास्थ्य कार्यालय मातहत रहेका स्वास्थ्य चौकी, उपचौकी, स्वास्थ्य केन्द्रहरु गाउँपालिका मातहत समाहित भई संचालन रहेकोमा ती स्वास्थ्य चौकी र केन्द्रहरुमा विभिन्न कोष खडा गरी स्वास्थ्य तर्फका कार्यक्रमबाट रकम जम्मा गर्ने, ल्याव संचालनबाट प्राप्त रकम लगायतका अन्य स्रोतबाट प्राप्त रकमहरु समेत स्वास्थ्य चौकी र केन्द्रमा इन्चार्जहरुले छुट्टै बैंक खातामा राखी खर्च भइरहेको छ । गाउँपालिकाले लेखापरीक्षणमा उक्त कोषहरुको आय-व्यय तथा कारोवारको एकीकृत हिसाव विवरण पेश भएन । ऐनको व्यवस्था बमोजिम गाउँपालिका अन्तर्गतका सबै इकाइहरुको आर्थिक कारोवार तयार गरी लेखापरीक्षण गराउनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६२			**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ:	
६२.१			पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेख देख मर्मत सम्भार एवं संरक्षणको अभिलेख राख्नु पर्दछ ।	
६२.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । पालिकाले यस सम्बनधमा लगत तयार नगरेकोले एकिन गर्न सकिएन ।	
६३			**जिन्सी अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०० मा सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको श्रेस्ता सम्बन्धमा व्यवस्था रहेको छ । कार्यालयले सबै जिन्सीलाई एकीकृत गरी मूल जिन्सी खाता खडा नगरी प्रत्येक शाखागत रुपमा अलग अलग जिन्सी खातामा आम्दानी/खर्च गर्ने गरेकोले नियममा भएको व्यवस्थाको पालना भएको देखिएन । नियमानुसार पालिकाको सबै जिन्सीलाई अद्यावधिक गरी वार्षिक जिन्सी निरीक्षणको कार्य गराई प्रतिवेदन तयार गरी कार्यान्वयन गर्नु गराउनुपर्दछ ।	
६४	१६९	२०७८-३-२५	**अन्य निकायबाट प्राप्त जिन्सीः** स्वास्थ्य तर्फको मेडिकल उपकरणहरु तथा औषधिहरु खरिद गरी भुक्तानी गर्दा गा.पा.को मूल जिन्सी खातामा अभिलेख नगरी स्वास्थ्य शाखाको खातामा मात्र आम्दानी र खर्च जनाउने गरेकोले सबै जिन्सी सामाग्रीको अभिलेख यथार्थ र दुरुस्त रहेको मान्ने आधार देखिएन । अन्य निकाय वा संस्थाहरुबाट प्राप्त जिन्सी मालसामान मूल जिन्सी खातामा आम्दानी गरी मात्र वितरण गर्नुपर्नेमा सो गर्ने गरेको पाइएन । यसवर्ष खरिद गरिएको BP Set लगायतको मेडिकल उपकरणको दाखिला प्रमाणमा जिन्सी खातापाना नं. नखुलेकोमा रु.74500/- भुगोल मेडिकल सप्लायर्सबाट खरिद गरी भुक्तानी गरेको सक्कल विल समेत समावेश नभएकोले उक्त खरिदको सक्कल विल पेश हुनुपर्ने रु.	७४,५००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६५			**ग्रामिण विद्युतीकरणः** गाउँपालिका अन्तर्गत वडा नं. 1, 4, 5 मा विद्युतीकरण कार्य गर्न डिपिआर लागत रु. 7493998.53 को आधारमा प्रदेश समपुरक अनुदानबाट कार्य गर्न छनौट भएको यो योजनामा यसवर्ष रु.7197696/- को लागत अनुमान स्वीकृत गरी वोलपत्रको माध्यमबाट ठेक्का बन्दोवस्त गर्दा नर्वदा कन्ट्रक्सनको रु. 5205412/- को ठेक्का स्वीकृत गरी भुक्तानी गरेको छ । : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा वोलपत्र मूल्याङ्कनमा छनौट भई सम्झौता गर्न आउदा पेश गरेको कार्य सम्पादन जमानतको अवधि कामको त्रुटि सच्याउने अवधि भन्दा १ महिना बढीको हुनुपर्ने व्यवस्था छ । कार्यालय र नर्वदा कन्ट्रक्सन विच खरिद सम्झौता गर्दा लिएको रु.717000/- जमानतको अवधि २०७८।५।३१ सम्म रहेको पाइयो । जमानतको अवधि कार्य सम्पन्न मितिले त्रुटि सच्याउने अवधि भन्दा १ महिना बढीको हुनुपर्नेमा २०७८।११।२८ सम्म मात्र रहेकोले घटी अवधिको जमानत लिई कार्य गराई सम्पन्न गरेको हुँदा कामको त्रुटि सच्याउने अवधि सहितको कार्यसम्पादन जमानत लिएर मात्र खरिद सम्झौता र कार्य गराउनुपर्दछ ।	
६६			**भुक्तानीको प्रमाणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ विल विजकको भुक्तानी गर्दा खरिद सम्झौतामा कार्य मापन गर्ने सुचाङ्क तोकीएको त्यस्तो सुचाङ्क प्राप्त भएपछि मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । विद्युतीकरण सम्बन्धी सम्झौताको आइटम नं. 18 मा Transportation of all material atउल्लेख गरी २७६८९.60 के.जी.को प्रति के.जी. रु. 13.50 को दरले रु. 373809.60 र सो को मू.अ.कर सहित रु. 422404.17 भुक्तानी गरेकोमा सामान ढुवानीको तौल प्रमाणित हुने कागजात समावेश नगरी भुक्तानी दिएकोले उक्त भुक्तानीलाई पुष्टिहुने प्रमाण पेश हुनपर्ने रु.	४२२,४०४.१७
६७			**विपद् व्यवस्थापन कोष** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु.3531621/- आम्दानी भई रु.2026099/- खर्च गरी बाँकी रु.1505522/- देखिन्छ । पालिकाले खर्च मध्ये कोभिड-19 तर्फ र आगलागी पहिरो पिडितलाई समेत भुक्तानी गरेको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६८			**समिति गठन** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि 3 वटा बैठक बस ीकोभिड-19 सँग सम्बन्धित निर्णय गरेको छ । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।	
६९			**कार्य योजना** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू मध्ये वन डडेलो नियन्त्रण, भूक्षय र पहिरो नियन्त्रण तटबन्द, कोभिड सम्बन्धी कृयाकलाप तोकिएको सबै कार्य गरी ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।	
७०			**सामाग्री दाखिलाः** कार्यालयमा खरिद गरी प्राप्त गरेका जिन्सी मालसामानको भुक्तानी गर्नु अगावै जिन्सी दाखिला गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ वडा नं. 8 मा विपद व्यवस्थापन अन्तर्गत माम्खा स्वास्थ्य चौकीलाई रु.50000/- का अक्सिजन सिलिण्डर खरिद गरी स्वास्थ्य चौकीमा पठाएको आधारमा भुक्तानी गरेकोमा उक्त स्वास्थ्य चौकीले सिलिण्डरहरुको दाखिला गरी हस्तान्तरण फारम फिर्ता गरेको नपाइएको रु.	५०,०००
७१			**वार्षिक प्रतिवेदन** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७२			**छुट्टै खाताबाट कारोवार** **छुट्टै खाताबाट कारोवारः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ मा स्थानीय सरकारलाई प्राप्त हुने सबै प्रकारको आय संचितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कोभिड-19 को खर्च गर्ने छुट्टै प्रकोप व्यवस्थापन कोषखाता संचालन गर्ने गरेको छ । गत वर्षको मौज्दात वापत रु. 1426012/- जिम्मेवारी सारेर यव वर्ष संघीय सरकारबाट प्राप्त रु. 15 लाख र अन्य संस्थाबाट प्राव्त रु. 89609/-समेतलाई सोही खातामा जम्मा गरी यो वर्ष रु. 1670249/- खर्च गरेको र बाँकी रु. 1355375/- मौज्दात राखेको छ । यो वर्ष कोभिड सम्बन्धी उपचार गर्न खानी भन्ज्याङ स्वास्थ्य चौकीलाई अस्पतालको रुपमा परिणत गरी उक्त अस्पतालमा २ जना स्टाफनर्स तथा १ कार्यालय सहयोगी करकरामा भर्ना गरी तलव भत्ता खर्च गरेको र विरामीको लागि वेड तथा फर्निचर लगायतका सामाग्री खरिदमा रु. 497075/- समेत खर्च गरेको छ । कर्मचारी छनौट सम्बन्धीको आधार निर्माण लेखापरीक्षणमा पेश भएन । यसै गरी कोभिड परीक्षणको लागि ३०० थान एण्टीजन किट रु. 225000/- मा खरिद गरेकोमा कोभिड परीक्षणको नतिजा विवरण पेश नभएकोले विरामीको संख्या र उपचार अवस्था उल्लेख गर्न सकिएन । ऐनमा भएको व्यवस्था बमोजिम कारोवार गरी सेवा प्रवाहको अवस्थाको प्रतिवेदन तयार गर्नुपर्दछ ।	
७३			**गैर सरकारी संस्थासँगको कार्य** पालिकाहरुलाई कोरोना महामारीबाट प्रभावित असंगठीत क्षेत्रमा कार्यरत मजदुर र नागरिकहरु लक्षित राहत कार्यक्रम संचालन गर्न हेल्भेटास नेपाल र पालिका विच २०७७।६।२८ मा रु. 4665470/- को सम्झौता भई सम्झौता अनुसार भौचर प्रणालीबाट खाद्यान्न वितरण, हाटबजार सुधार, दुग्धपदार्थ भण्डार, लगायतका कार्यमा खर्च हुने व्यवस्था छ । कार्यालयले उक्त सम्झौताबाट खानीभन्ज्याङमा रु.10 लाख उपभोक्ता समिति मार्फत हाट बजार निर्माण तथा नमूना कृषि सहकारी संस्थालाई रु. 496070/- तथा ३ वटा वोयर बोका खरिद गरी समुहलाई वितरण गरेको र भौचर प्रणालीबाट खाद्यान्न वितरण गर्न संगम स्टोर्सको प्रस्ताव र दर स्वीकृत गरी रु. 1485845/- भुक्तानी गरेको छ । लेखापरीक्षणमा प्राप्त विवरण अनुसार भौचर प्रणालीबाट ५२१ जना छनौट गरी वितरणको कार्यक्रम संचालन गरेको छ । चिस्यान केन्द्रलाई सहयोग वापत विभिन्न उपकरणहरु रु. 458000/- मा खरिद गरी खर्च गरेकोमा उपकरणको लागत अनुमान स्वीकृत नगरेको र काठमाडौँबाट खरिद गरिएका दुग्ध चिस्यान सम्बन्धी उपकरण र मालसामान नमूना कृषि सहकारी संस्थालाई हस्तान्तरण गरेकोमा संस्थाले उपकरण संस्थामा दाखिला गरी जिन्सीको अभिलेख र हस्तान्तरण फारम फिर्ता गरेको नपाइएकोले मालसामान दाखिलाको सुनिश्चिताको प्रमाण पेश हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७४			**धरौटी फिर्ता** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२) मा कार्यालयले निर्माण लगायत अन्य खरिद कार्यको भुक्तानी गर्दा कट्टा गरेको रिटेन्शन मनि फिर्ता भुक्तानी गर्दा पालना गर्नुपर्ने नियम सम्बन्धमा व्यवस्था छ ।आन्तरिक राजस्व विभागको परिपत्र अनुसार निर्माण व्यवसायीको धरौटी फिर्ता गर्दा सम्बन्धित आय वर्षको कर चुक्ता प्रमाण पत्र र मू.अ.कर समायोजन समेतको प्रमाण लिएर मात्र धरौटी फिर्ता गर्नुपर्नेमा कार्यालयले निम्नानुसारका निर्माण व्यवसायी लगायत विक्रेताको धरौटी फिर्ता गर्दा मू.अ.कर समायोजनको प्रमाण संलग्न नगरी फिर्ता गरेकोले सोको प्रमाण पेश हुनुपर्ने रु...	१,०६२,६६५

भौ.नं./मिति	**फर्मको नाम**	**धरौटी रकम**	**कैफियत**
३-२०७७/६/१९	सिजनल ईन्जिनियरिङ एण्ड कन्सट्रक्सन	१८९१४८	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
४-२०७७।७।३	मेगा मोटर्स एण्ड ट्रेडर्स	३२५०००	कर चुक्ता र मू.अ.क समायोजन नभएको
७-२०७७।१२।२५	मिलिजुली निर्माण सेवा	५४८५१७	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
जम्मा		**१०६२६६५**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७५			**पेश्कीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम आर्थिक वर्षको अन्तसम्म फस्र्यौट हुन बाँकी पेश्की तोकिएको कार्य पूरा गराई असुल फस्र्यौट र नियमित हुनुपर्ने रु.	१७९,९४२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७६			**अनुगमन तथा सम्परीक्षण** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ।	
७६.१			यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ।	

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)
५६२८०	24228	32052

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फछ्र्यौटको आधार				सम्परीक्षण
				असुली	प्रमाण	नियमित	पेश्की	
१	२०७५।७६	२६	लक्षित समूह खर्च-			१५५८१२६		१५५८१२६
२		३७	चालु तर्फ शिक्षक तलब भत्ताः			२६४७३३८		२६४७३३८
३		५९	सोधभर्नाः			743500		743500
४		६४	फरक शिर्षकबाट भुक्तानीः-			१५५००		१५५००
५		६६	बजेट भन्दा बढी खर्चः			१०६०००		१०६०००
६		४१	एकिकृत जिल्ला स्वास्थ्य-बाह्य खोप केन्द्र निर्माण योजनाः-उ.स.को पेश्की				२८६५००	२८६५००

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय										बेरुजु रकम
				७		४१	निशर्त समानीकरणबाट चिशंखुगढी प्रथम अध्यक्ष कप खेलकुद प्रयोतिगिता संचालन गर्नृ सुधिर कार्कीलाई पेश्की				४०००००	४०००००		
				८		४२	वडा पूँजिगत बाट सिंचाई कुलो मर्मत पेश्की-भिम ब कार्की				६३५००	६३५००		
				९		४१	ग्रामीण विद्युतिकरण कार्यक्रम अन्तर्गत मिलिजुली निर्माण सेवाको मोबिलाईजेशन पेश्की				१५०००००	१५०००००		
				१०		४२	वडा नं-७ २ कोठे भवन निर्माण कार्य पेश्की-विशाल राई				६३६५००	६३६५००		
				११		४१	क्याप्टेन यज्ञबहादुर थापा स्मृति सभाहल निर्माण-योगेन्द्र राई पेश्की				४७८७८२	४७८७८२		
				१२		६८	शिक्षा सशर्ततर्फ बौद्ध आवि ठुलढुंगालाई शौचालय निर्माण गर्न निकासा दिएको रकम		६६६०००			६६६०००		
				१३		६८	शिक्षा सशर्ततर्फ कालिका आवि लेखर्कलाई २ कोठे भवन निर्माण गर्न निकासा दिएको रकम		१५२८०००			१५२८०००		
				१४		६८	शिक्षा सशर्ततर्फ कुडुले आवि माम्खालाई		१५२८०००			१५२८०००		

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय										बेरुजु रकम
							२ कोठे भवन उ.स.मार्फत निर्माण गर्न निकासा दिएको रकम							
				१५	२०७६।७७	५८	मोविलाईजेशन पेश्की-शुभ एण्ड ध्रुव कन्सट्रकस्न				५०००००	५०००००		
				१६			युवा तथा खेलकुद कार्यक्रम				४७५००	४७५००		
				१७			ठाटीखेतकालीमाटी धरमटार सेर्ना जल उपभोक्तासंस्था				१२०७४९०	१२०७४९०		
				१८			ढाडकुलोजल उपभोक्ता संस्था				५२५०४७	५२५०४७		
				१९			धेकुखोलाचस्कु उपभोक्ता संस्था				४८१४१७	४८१४१७		
				२०			भल्टारकटहरे जल उपभोक्ता संस्था				५६९९८०	५६९९८०		
				२१			वडानं.७ शौचालय निर्माण तथा भवन मर्मत				१२७०००	१२७०००		
				२२			कल्पना राई				५३२००	५३२००		
				२३		१७	गत विगतको गाउँपालिका बसेको घरभाडा भुक्तानी-कृष्णप्रसाद भट्टराई अनियमित रु...			१०१६६७		१०१६६७		
				२४		५७	सामाजिक भत्ता रकम बढी निकासा	१०८०००				१०८०००		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			२५		२०	चालुतर्फ शिक्षक तलब भत्ताः				२३७६०००	२३७६०००	
			२६		३५	टुक्रा खरिद अनियमित देखिएको रु...			१५८११२८		१५८११२८	
			२७		४१	मू.अ.करमा दर्ता नभएको बिक्रेतासंगको खरिद अनियमित			७२५५०		७२५५०	
			28		23	संघीय सशर्त अनुदान		1285380.56			1285380.56	
			29		24	प्रदेश अनुदान		2972226			2972226	
			30		19	शिर्षक फरक खर्च			62000		62000	
			जम्मा				**108000**	**7979607**	**6887809**	**9252916**	**24228332**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७६.२			उल्लिखित सम्परीक्षणबाट निम्नानुसार थप वेरुजु कायम भएको छ । लेखापरीक्षणमा आर्थिक वर्ष २०७५।७६ को तपसिलको योजना निर्माणको पेश्की रकम फस्र्यौट भएको प्रमाण सहित संपरीक्षणको लागि अनुरोध भई आएकोमा परीक्षण गर्दा तपसिलको योजनामा तोकिएको कार्यभन्दा घटी कार्य कार्यसम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदनबाट देखिएको र भुक्तानी दिंदा कार्य भएको अनुपातमा गणना गरी रकम भुक्तानी दिनुपर्नेमा पालिकाले उपभोक्ता समितिलाई आनुपातिक कट्टी नगरी बढि भुक्तानी दिएको रकम अनियमित देखिएको रु...	८१२,५०७

सि.नं.	**योजना**	**ल.ई.**	**कार्यसम्पन्न**	**पालिकालेव्यहोर्ने अंश**	**पाउने**	**दिएको**	**बढी**
१	२ कोठेस्कुल भवन निर्माण	२१८३४०५.२२	१९०२१२७.६४	१५२८०००	1331155	1528000	196844
२	विद्यालय क्षेत्र विकास कार्यक्रम-श्री बौद्ध आवि, ठुलढुंगा	801598.77	644155.36	668500	537198.8	574155	36956
३	वडा कार्यालयको भवन निर्माण- माम्खा ७	3264766.18	2671342.35	1910000	1562827	1980403	417576
४	शहिद क्याप्टेन यज्ञ ब. थापा सभाहल निर्माण योजना	1466002.12	1287922	1146000	1006792	1167928	161131
जम्मा							**812507**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७७			**अद्यावधिक वेरुजु** यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ	

गत वर्षसम्मको बाँकी बेरुजू (A)	**यो वर्ष संपरीक्षण गरिएको बेरुजू**(B)	**यो वर्ष कायम बेरुजू**(C)	**संपरीक्षणबाट कायम बेरुजू**(D)	**अध्यावधिक बाँकी बेरुजू** (E=A-B+C+D)
५६२८०	24228	22841	८१३	32865